# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कमलामाई नगरपालिका, सिन्धुली

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

*Serving the Nation*

*and*

*the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

# (बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७

च.नं : ७७७

श्री कमलामाई नगरपालीका,

सिन्धुली ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**वागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्याः २०७६।०७७ मिति : २०७६।०३।२५

च.नं : ९२५

श्री नगरप्रमुखज्यू,

कमलामाई नगरपालिका,

सिन्धुली ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले कमलामाई नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड ५ लाख ५ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१ करोड २१ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु.४३ लाख २७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ३२ लाख ५२ हजार र पेश्की रु. ७ लाख ४२ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पाना पैंतिस (३५) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यकारिणी, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्यगल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# कमलामाई नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५/७६

**निकायको परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । वागमती प्रदेशमा रहेको यस नगरपालिकामा १४ वडा अर्न्तगत मनोनित ३ समेत २५ कार्यपालिका सदस्य रहेका छन् । नगरपालिकाको क्षेत्रफल ४८२.५७ वर्ग कि.मी. र ६६,६३१ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष –** आर्थिक वर्ष २०७५/७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :–

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **६९५९१९३३.५७** | क) | **खर्च** | **१००८३२९६२८.२७** |
| | क) बैंक मौज्दात | ५४७९४३७४.०२ | १ | वित्तीय समानीकरण संघ | १५७१०५३११.०० |
| | ख) धरौटी | ४८९०३७५.६९ | २ | केन्द्रीय सशर्त अनुदान | ३९६५१०४७०.३५ |
| | ग) दैवीक प्रकोप उद्धार विशेष कोष | २२९२४५९ | ३ | आन्तरिक चालु/ पूँजीगत | १९१४५७०३०.२८ |
| | घ) मर्मत संभार कोष | ७२२२२४ | ४ | स्थानीय पूर्वाधार विकास | १००००००००.०० |
| | ङ) वातावरणीय व्यवस्थापन विशेष कोष | २२९३८४.४५ | ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ८१२९४५७.८० |
| | च) कर्मचारी कल्याण कोष | ६६६३०९८.४१ | ६ | जेष्ठ नागरिक र सामाजिक सुरक्षा | ११७३१८०००.०० |
| २ | **आन्तरिक आय** | **८१०५८५००.१८** | ७ | प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम | ३०५०००.०० |
| | क) सम्पत्ती कर | ६७८७०३२.८४ | ८ | साना सिंचाइ कार्यकम | **५७५००००.००** |
| | ख) बहाल कर | ३६३४४६१.८० | ९ | पर्यटन पुर्बाधार विकास कार्यकम | २५०००००.०० |
| | ग) सेवा शुल्क | १८७३१७५५.२३ | १० | गरिब संग विशेश्वर कार्यकम | ५६८०००.०० |
| | घ) सेवा दस्तुर | २६१५८६४०.४१ | ११ | राष्ट्पति चुरे संरक्षण विकास समिति | ३१०००००.०० |
| | ड) विज्ञापन कर | १५८११५१.०० | १२ | सडक बोर्ड कार्यकम | ४९६१८६३.०० |
| | च) व्यवसाय दर्ता तथा नवीकरण दस्तुर | ११३४२८६.०० | १३ | प्रयास हेल्भेटास (कृषि तथा पशु )कार्यक्रम | ३२६७१५०.०० |
| | छ) भुमी तथा मालपोत कर | ६८३०५५.०० | १४ | जिल्ला समन्वय समितिबाट बाडफाड प्राप्त | ४२९२३६४.०० |
| | ज) दण्ड जरीवाना तथा अन्य | ४२३८९.३० | १५ | मानसिक स्वास्थ्य परामर्श केन्द्र( सि.एम.सी) | १९६७१७०.०० |
| | झ) बहाल विटौरी | ११३३४४.०० | १६ | समपुरक अनुदान संघिय | २७४१७७००.०० |
| | ञ) सवारी प्रवेश कर | १०००.०० | १७ | प्रदेश सशर्त अनुदान | ४८९०२०००.०० |
| | ट) दहत्तरबहत्तर शुल्क | २२१९१३८४.६० | १८ | प्रदेश समपुरक अनुदान | ७०६४११०.०० |
| ३ | **वित्तीय हस्तान्तरण केन्द्र** | **८४८५१५१७६.०६** | १९ | बित्तिय समानिकरण अनुदान प्रदेश | ६०५६५३३.०० |
| | क) वित्तीय समानीकरण अनुदान | १७७३००००००.०० | २० | आन्तरिक आयतर्फ प्रदेश पठाईएको | ८८७६५५३.८४ |
| | ख) सशर्त अनुदान | ४३४४९७५००.०० | २१ | धरौटी फिर्ता | २७७२९१५.०० |
| | ग) राजस्व बाँडफाँड (संघ र प्रदेश ) | २०९२९९९७६.०६ | **ख)** | **को.ले.नि.का.मा निकासा फीर्ता** | **४५९१९५७१.८५** |
| | घ) समपुरक अनुदान | २७४१७७००.०० | १ | जेष्ठ नागरिक र सामाजिक सुरक्षा | ७३२३०००.०० |
| ४ | **प्रदेश सरकारबाट अनुदान** | **६८२९९०००.००** | २ | सशर्त अनुदान संघिय | ३७९८७०२९.६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | क) वित्तीय समानीकरण अनुदान | ८८२५०००.०० | ३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ३७५४२.२० |
| | ख) सशर्त अनुदान | ४९४७४०००.०० | ४ | सशर्त अनुदान प्रदेश सरकार | ५७२०००.०० |
| | ग) समपुरक | १००००००००.०० | **ग)** | **बैक मौज्दात** | **२००३८१८२५.२७** |
| **५** | **अन्तर सरकारी वित्तिय हस्तान्तरण** | **१७४४७६४९८.००** | १ | संचित कोष खाता | १७५६७५२६३.१६ |
| **५.१** | **स्थानीय पूर्वाधार विकास साझेदारी** | १००००००००.०० | २ | धरौटी खाता | १०९९८२३३.९० |
| **५.२** | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | ८१६७०००.०० | ३ | दैवी प्रकोप उद्धार विशेष कोष | ३४९४५७१.०० |
| **५.३** | **प्रदेश तथा स्थानिय क्षमता विकास** | ३०५०००.०० | ४ | मर्मत संभार कोष | १२१२२४२.०० |
| **५.४** | **जेष्ठ नागरिक र सामाजिक सुरक्षा** | १२४६४१०००.०० | ५ | वातावरणीय व्यवस्थापन विशेष कोष | ६२९३८४.४५ |
| **५.५** | **साना सिंचाइ कार्यकम** | ५७५००००.०० | ६ | कर्मचारी कल्याण कोष | ८३७२१३०.७६ |
| **५.६** | **पर्यटन पुर्वाधार विकास कार्यकम** | २५०००००.०० | | | |
| **५.७** | **गरिब संग बिशेश्वर कार्यकम** | ५६८०००.०० | | | |
| **५.८** | **राष्ट्रपति चुरे संरक्षण विकास समिति** | ३१०००००.०० | | | |
| **५.९** | **सडक बोर्ड कार्यकम** | ५००००००.०० | | | |
| **५.१** | **प्रयास हेल्भेटास (कृषि तथा पशु)कार्यकम** | ४५०८०००.०० | | | |
| **५.११** | **जिल्ला समन्वय समितिबाट बाडफाड** | ७९७०३२८.०० | | | |
| **५.१२** | **मानसिक स्वास्थ्य परामर्श केन्द्र( सि.एम.सी)** | १९६७१७०.०० | | | |
| ६ | **धरौटी** | **८८८०७७३.२१** | | | |
| ७ | **विविध कर्षतर्फको आम्दानी** | **३८०११४४.३७** | | | |
| | क) दैवी प्रकोप उद्धार विशेष कोष | १२०२११२.०० | | | |
| | ख) मर्मत संभार कोष | ४९००००.०० | | | |
| | ग) वातावरणीय व्यवस्थापन विशेष कोष | ४००००० | | | |
| | घ) कर्मचारी कल्याण कोष | १७०९०३२.३७ | | | |
| | **जम्मा** | **१,२५,४६,२३,०२५.३९** | | **जम्मा** | **१,२५,४६,२३,०२५.३९** |

| दफा नं. | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १. | **वित्तीय विवरण –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्ष श्रावण १ गते देखि आगामि वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । साथै नगरपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । नगरपालिकाको आर्थिक विवरणको विश्लेषण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :–<br>● स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम पालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, बजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ७६(२) मा नगरपालिकाले कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वकृति भए वमोजिमको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । नियमानुसारको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।<br>● नगरपालिकाले आ.व.२०७५।०७६को आर्थिक विवरण र खर्चको फाँटवारीमा खर्च शीर्षकगत बजेट बर्गीकरण गरेको देखिएन । खर्च शिर्षकगत बजेट वर्गीकरण नगर्दा कुन खर्च शिर्षकमा कति रकम खर्च भयो भन्ने एकिन गर्न सकिएन नगरपालिकाले तोकिएको ढाँचामा आर्थिक विवरणहरु तयार पार्ने र खर्च शिर्षकगत बजेट बर्गीकरण गरी खर्च लेखांकन गर्नुपर्दछ ।<br>● प्रत्येक स्थानीय तहले आर्थिक वर्षको अन्त्यमा चालु र पुंजीगत खर्च खातामा बाँकी रहेको रकम स्थानीय संचितकोषमा ट्रान्सफर गरी खर्च खाताहरु शुन्य बनाउनु पर्दछ । कार्यालयले चालु खातामा मौज्दात रहेको रु.१,९०,२२,५६५/३६ र पुंजीगत खातामा रहेको रु.१,०३,८४,२२६/६४ मिति २०७६ भदौ २ गते मात्र ट्रान्सफर गरेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा श्रेस्ता र बैंकको मौज्दात भिडान गरी बैंक हिसाब मिलान विवरण तयार पार्ने र बैंक बमोजिमको बाँकी मौज्दात समयमै संचितकोष ट्रान्सफर गर्नु पर्दछ । | |
| २. | **बैंक मौज्दात :** कार्यालयले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा संचित कोषको मौज्दात रु.१७,५६,७५,२६३/१६ देखिन्छ । बैंक विवरण अनुसार संचितकोषको मौज्दात रु.१५,१०,०२,५८३/५९ र पुंजीगत खातामा वचत रहेको रु.१,०३,८४,२२६/६४ तथा चालु खर्च खातामा वचत रहेको रु. १,९०,२२,५६५/३६ समेत गरी जम्मा रु.१८,०४,०९,३७५/५९ देखिन्छ । आ.व.को अन्त्यमा श्रेस्ता र बैंक बमोजिमको मौज्दातमा रु. ४७,३४,११२/४३ फरक देखिन्छ । समयमै बैंक हिसाब विवरण तयार पारी श्रेस्ता तथा बैंक मौज्दातमा फरक देखिएको रकमको हिसाब मिलान गर्नु पर्दछ । | |
| ३. | **सेवा प्रवाह स्थिति –** नगरपालिका कार्यालयको यस वर्षको सेवा प्रवाह स्थिति देहाय अनुसार रहेको पाइयो :–<br><table><tr><th>क्र.सं.</th><th>विवरण</th><th>सेवा प्राप्तिका लागि निवेदन संख्या</th><th>सिफारिश संख्या</th></tr><tr><td>१</td><td>नागरिकता सिफारिश</td><td>विवरण प्राप्त नभएको</td><td>२२१७</td></tr><tr><td>२</td><td>घर बाटो सिफारिश</td><td>विवरण प्राप्त नभएको</td><td>१११८</td></tr><tr><td>३</td><td>नाता प्रमाणित</td><td>विवरण प्राप्त नभएको</td><td>९३१३</td></tr><tr><td>४</td><td>जन्म, मृत्यु दर्ता</td><td>विवरण प्राप्त नभएको</td><td>२१२४१</td></tr></table> | |

| | | | |
|---|---|---|---|
| ५ | अन्य | विवरण प्राप्त नभएको | विवरण प्राप्त नभएको |

४. **घर नक्शा पास र निर्माण कार्य सम्पन्न सम्बन्धी विवरण –** कार्यालयको यस वर्षको घर नक्शा पास तथा निर्माण कार्यको स्थिति देहाय अनुसार रहेको पाइयो :–

| क्र. सं. | निवेदन संख्या | अस्थायी अनुमति | कार्य सम्पन्न संख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | गत विगत बर्ष अनुमति लिएका मध्ये | यो वर्ष अनुमति लिएका मध्ये | जम्मा | कैफियत |
| | ५०९६ | | ५६२ | ११ | ५७३ | ४२० नियमित |
| १ | कच्ची १ | | ० | ० | ० | ० |
| २ | पक्की ३४७ | | ० | ० | ० | ० |
| ३ | लोड वियरिङ्ग १४३ | | १६७ | १०९ | १२ | |
| ४ | फ्रेम स्ट्रक्चर २०४ | | २३२ | १५२ | २८ | |

५. **स्थानीय कानुन निर्माण र कार्यान्वयन –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जस अनुसार नगरपालिकाले हाल सम्मऐन १३, नियम ५, कार्यविधि २१, निति तथा कार्य योजना १ गरि निम्न ४० वटा कानुन तर्जुमा गरी स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएका छन्।

६. **न्यायिक समिति र मुद्दा फछ्र्यौट स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ मा स्थानीय तहको न्यायिक समिति गठन हुने र दफा ५३ अनुसार न्यायिक समितिको वार्षिक कामको विवरण तयार गर्ने व्यबस्था छ । कार्यालयको वार्षिक प्रतिवेदन तयार गरेको देखिएन । अनुसार २०७५/७६ मा ६६ वटा मुद्दा दर्ता भएको मध्ये ७ वटा मेलमिलापद्वारा विवाद समाधान गरेको, ४ वटा अदालत शिफारिस गरेको सहित २० वटा फछ्र्यौट गरिएको २८ वटा तारेख छाडेको र १८ वटा प्रक्रियारत रुपमा रहेको देखिएको छ । न्यायिक समितिको न्याय सम्पादनका कार्यहरु थप प्रभावकारी बनाईनु पर्ने देखिन्छ ।

७. **संघ, संस्था नियमन–**कमलामाई नगरपालिका क्षेत्र भित्र सञ्चालन भएका ५३ सहकारी र ८० गैरसरकारी सस्थाहरुको अभिलेख रहेको छ । नगरसभावाट स्वीकृत सहकारी ऐन, २०७५ अनुसार सहकारीहरुको अनुगमन गरेको छैन ।साथै गैरसरकारी संस्थाहरुको के, कति छन त्यस्को अवस्थाको अद्यावधिक अभिलेख राख्नु पर्ने देखिन्छ ।

८. **संगठन तथा जनशक्ति व्यवस्थापन :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार कर्मचारी दरवन्दी, पदपूर्ति तथा रिक्त रहेको विवरण लेखापरिक्षण समक्ष पेश गरेको छ । पेश विवरण अनुसार विभिन्न पदमा २१९ जनाको दरबन्दी रहेकोमा संघीय सरकारबाट सरुवा ५८ जना साविक स्थानीय तहमा कार्यरत ७४ जना, करारमा आन्तरिक पदपूर्ती ६९ जना समेत २०१ जना पूर्ति भएको र १८ जना रिक्त रहेको देखियो । अतः कार्यालयमा रिक्त रहेका दरबन्दीहरु पदपूर्ति हुनु पर्ने देखिन्छ ।

| क्र.सं. | स्वीकृत पद | संख्या | पदपूर्ति | | | | रिक्त पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय सरकाबाट सरुवा | साविक स्थानीय निकायमा कार्यरत | आन्तरिक पदपूर्ति | जम्मा पदपूर्ति | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | १ | ० | ० | ० | ० | |
| २ | उप सचिव (दशौं तह) | १ | १ | ० | ० | ० | ० | |
| ३ | अधिकृत (सातौं तह) | ७ | ४ | २ | ० | ६ | १ | |
| ४ | अधिकृत (छैठौं तह) | ५ | १ | १ | ३ (करार) | ५ | ० | |
| ५ | ईन्जिनियर (छैठौं तह) | ४ | ० | १ | २ (करार) | ३ | १ | |
| ६ | अधिकृत (छैठौं तह स्वास्थ्य) | ८ | ६ | ० | ० | ६ | २ | |
| ७ | लेखापाल पाँचौ तह | २ | ० | २ | ० | २ | ० | |
| ८ | सव ईन्जिनियर पाँचौ तह | ७ | ० | ३ | ४ (करार) | ० | ० | |
| ९ | कविराज | १ | १ | ० | ० | १ | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | नायब सुव्वा पाँचौ तह | १६ | १ | १२ | ० | १३ | ३ | |
| ११ | अ.हे.व.पाचौ | ८ | ८ | ० | ० | ८ | ० | |
| १२ | अ.न.मि.पाचौ | ९ | ९ | ० | ० | ९ | ० | |
| १३ | हअ.हे.व.चौथौ | १५ | ९ | ० | ६ (करार) | १५ | ० | |
| १४ | अ.न.मि. चौथौ | १३ | ५ | ० | ८ (करार) | १३ | ० | |
| १५ | कृषि प्राविधिक(जे.टी/जेटिए) | ११ | १ | ० | ९ (करार) | १० | १ | |
| १६ | पशु प्राविधिक ( जे.टी/जेटिए) | १० | २ | ० | ७ (करार) | ९ | १ | |
| १७ | मनोसामाजिक कार्यकर्ता | १ | ० | ० | १ (करार) | १ | ० | |
| १६ | सामु. सामाजिक कार्यकर्ता | ७ | ० | ० | ७ (करार) | ७ | ० | |
| १७ | सामाजिक परिचालक | २ | ० | २ | ० | २ | ० | |
| १८ | नगर प्रहरी अ.स.ई. | १ | ० | १ | ० | ० | ० | |
| १९ | नगर प्रहरी हवल्दार | ४ | ० | २ | २ (करार) | ४ | ० | |
| २० | नगर प्रहरी जवान | १३ | ० | ६ | ४ | १० | ३ | |
| २१ | घटना व्यवस्थापक | २ | ० | ० | २ | २ | ० | |
| २२ | खरिदार चौथो तह | १६ | १ | १० | ० | | ५ | |
| २३ | सवारी चालक | ११ | ० | १० | ० | १० | १ | हेल्पर ३ |
| २४ | कार्यालय सहयोगी | ४४ | ८ | २२ | १४ करार | ४४ | ० | कार्यालय, वडा कार्यालय, शहरी स्वास्थ्य क्लिनिक |

९. **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुरुपको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण सम्वन्धी निर्देशिका तयार गरेको छैन । आन्तरिक नियन्त्रणका सम्बन्धमा देहायको अवस्था देखिएको छ । अतः यी विषयहरु समेट्ने गरी आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

क) जेष्ठ नागरिक, दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रमको वितरण बैंकिग प्रणाली मार्फत् नभएको,

ख) राजश्व तथा वक्यौता असुली सन्तोषजनक नरहेको,

ग) जिन्सी खाताहरु एकीकृत रुपमा नराखेको तथा जिन्सी सामानको आवश्यकतानुसार मर्मत तथा लिलाम बिक्री नभएको,

घ) आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६८(१) अनुसार व्यक्तिगत धरौटी खाता अद्यावधिक नराखेको,

ङ) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) अनुसार खर्च भएको सबै रसिद र बिल भरपाईहरुमा प्रमाणित गन नभएको,

च) कार्यालय तथा उपभोक्ता समिति मार्फत् भुक्तानी भएको मू.अ.करको जानकारी सम्बन्धित आन्तरीक राजश्व कार्यालयलाई दिने गरेको नपाइएको,

छ) उपभोक्ता समितिहरु नगरपालिकामा सूचीकृत नभएको अवस्था रहेको,

ज) कार्यालयले कार्यक्रमगत तथा योजनागत खाता नराखेको तथा संचालित कार्यक्रम, योजना संचालन तथा सेवा प्रवाह समेतको समग्र वार्षिक प्रगति प्रतिवेदन तयार नगरेको ।

उपर्युक्तानुसारका पक्षहरुमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्दछ ।

१०. **आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२), (३) र दफा ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका कैफियत अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने भए नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने, प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ ।

नगरपालीकाले आर्थिक वर्ष २०७५/७६ को आन्तरिक लेखापरीक्षण गराएको छ । तर मिति २०७६।६।१५ मा पेश आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियत बेरुजु अन्तिम लेखापरीक्षण (२०७६।१०।१) हुनु अगावै नियमित गराउनु पर्ने भए नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने, प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्थाको पालना गर्नु पर्दछ ।

११. **कार्यविवरण-** निजामति सेवा नियमावली २०५० को नियम ९ (१) को खण्ड घ र ङ मा निजामति पदहरुको अनुसूची ४ बमोजिमको कार्य विवरण तयार गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले कर्मचारीहरुको कार्य विवरण तयार गरी लागु गरेको देखिएन । अतः कार्य विवरण तयार तथा कार्यान्वयन गरी कर्मचारीहरुलाई जिम्मेवार बनाईनु पर्दछ ।

१२. **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा गाउँ/नगरपालिका कार्यालयहरुले महालेखा नियन्त्रक कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराउने Sub National Treasury Regulatory Application (SUTRA) को प्रणाली प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले अन्य software बाट एकिकृत सम्पत्ती करलेखा राखेको र SUTRA प्रणाली प्रयोग गरि लेखा राख्नमा प्रयोग गरेको छ। यो प्रणालीलाई समय सापेक्ष सुधार तथा Upgarde गरी पूर्ण कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१३. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ८ वमोजिम खर्च भएको विल, रसिद, विल भरपाईमा सिलसिलेवार नम्वर राखी "भुक्तानी भएको" छाप लगाई प्रमाणित गर्नु पर्ने र सोहि नियमको उपनियम ५ मा तालिम,सेमिनार,गोष्ठि संचालन गर्दा कार्यक्रम लागत अनुमान तयार गरि स्वीकृत गराउनु पर्ने र कार्यक्रम समाप्त भए पछि खर्च विवरण सहित प्रतिवदेन तयार गर्नु पर्ने व्यवस्था भए अनुसार गर्नु पर्ने देखिन्छ ।

१४. **आन्तरिक स्रोतको पहिचान तथा आय व्यवस्थापनको अवस्था:**

१४.१. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निधांरण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।कार्यालयले पेश गरेको आय-व्ययको आन्तरिक आयतर्फ आर्थिक वर्ष २०७५।७६ मा मालपोत, कर, सेवा शुल्क, दस्तुर अनुमानित रु. ४ करोड १७ लाख १८ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा रु ५ करोड ७ लाख २७ हजार २७३ अर्थात अनुमान भन्दा १२१.६० प्रतिशत बढी आय प्राप्त गरेको छ तर यस नगरपालिकालाई नेपाल सरकारवाट प्राप्त भएको रकमको ४.९१ प्रतिशत मात्र नगरपालिकाको आन्तरिक श्रोतबाट आम्दानी भएको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए अनुसार आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धी गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| सि.न. | आम्दानी शिर्षक | आ.व.०७४।०७५ को यथार्थ आय | आ.व. ०७५।०७६ मा प्रस्तावित आय | आ.व.०७५।०७६ को यथार्थ आय |
|---|---|---|---|---|
| १. | स्थानीय कर | १२८४९९०३.०० | १०३००००० | १४५४११३२।३ |
| २. | सेवा शुल्क | १००१७८९.८४ | ७००००० | १६८३२११ |
| ३. | दस्तुर | ६८५८८१३.७२ | ११००००० | २३०३५२७५ |
| ४. | अन्य राजस्व | ७४५०२५२.८९ | १७२००००० | २१९१००३९।५१ |
| ५. | विक्रीवाट प्राप्त आय | ३०३५०४०.०० | १४२१८००० | १४२७७६०७१।५० |
| | **जम्मा** | **३,११,९५,७९९.६२** | **४१७१८०००।-** | **५०७२७२७३।३१** |

१४.२. **स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन**ः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप

संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ अभिलेख व्यवस्थापन गर्न आवश्यक देखिन्छ ।

१५. **आन्तरिक आय ठेक्का :**नगरपालिकाले यस आर्थिक वर्ष २०७५।७६ को अवधिमा आन्तरिक ठेक्काबाट देहाय अनुसारको सम्झौता गरि आम्दानी गरेकोमा यसप्रकार देखिएको छ :

| ठेक्काको विवरण | सम्झौता मिति | ठेक्का रकम | असुली रकम | असुल हुन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| विज्ञापन कर | २०७५।५।१४ | १०,८०,०००। | १०,८०,०००।- | ० | २ लाख कार्यपालिका र नगरसभाको निर्णयले फिर्ता |
| निकासी कर | २०७५।४।२४ | ४,०१,५००।- | ४,०१,५००।- | ० | |
| हाटकर ठेक्का, सिन्धुली | २०७५।३।२८ | ६,००,०००।- | ६,००,०००।- | ० | |
| पटके सवारीकर | २०७५।६।०२ | ८,५०,०००।- | ८,५०,०००।- | ५,००,०००। | रु.५००,०००।- २०७६।४।९ मा दाखिला |
| पार्किङ्ग शुल्क | २०७५।३।२९ | ५,००,१००।- | ५,००,१००।- | ० | १०% जरिवाना रु.१५,९९०।०० असुल छ |
| हाटवजार भिमान | २०७५।३।२८ | ३,५१,५००।- | ३,५१,५००।- | ० | |
| माछा ठेक्का | | २०,०००।- | २०,०००।- | ० | |

१५.१. **रकम फिर्ता :** विज्ञापन कर ठेक्का लिएको पाथिभरा एडभरटाईजिङ्ग प्रा.लि. ईटहरीलाई ठेक अंक रु. १०,८०,०००/- कार्यालयले आम्दानी गरिसकेपछि कार्यपालिका र नगर सभाको निर्णय अनुसाररु. २,००,०००।००फिर्ता खर्च लेखेको पाईयो । पुष्ट्याँई तथा आधार बेगर ठेक्का सम्झौता अनुसारको रकम फिर्ता खर्च नियमसम्मत नदेखिएको रु. २,००,०००/-

१५.२. **जरिवाना :** बसपार्क पटके सवारी कर ठेक्का बापत रु.८,५०,०००।०० मा सम्झौता गरेकोमा अन्तिम किस्ता रु.५ लाख मिति २०७६।४।१९ मा प्राप्त गरेको छ । यसै कार्यालयले लगाएको अर्को पार्किङ्ग शुल्क ठेक्कामा जरिवाना सहित अन्तिम किस्ता असुल गरेको अवस्थामा यस ठेक्कामा सम्झौता अनुसार १०% ले हुने जरिवाना रु.५०,०००/- लिएको देखिएन । ठेक्का सम्झौतामा जरिबानाको प्रावधान नराखेको कारण जरिवाना असुल नगरेको कार्यालयको भनाई रहेको छ । समयमा काम सम्पन्न नगर्ने ठेकदारबाट अनिवार्यरुपमा जरिवाना लिने गरी खरिद सम्झौता गर्नु गराउनु पर्दछ ।

१५.३. **नदीजन्य दहत्तर बहत्तर बिक्री :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणिय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणिय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्री गर्नसक्ने व्यबस्था छ । नगरपालिकाले यस बमोजिम आ.व. २०७५।७६ र २०७६।७७ को लागि उत्खनन पूर्व प्रारम्भिक वातावरणिय मूल्याँकन तथा परिक्षण IEE गरी प्रतिवेदन लिएका देहायका नदि तथा खोलाहरुमा वर्षमा ९ महिना (असार, साउन र भदौमा उत्खनन नगरिने शर्तमा) विकि गर्नसक्ने परिमाण यसप्रकार छ ।

| सि.नं. | खोला/नदी | प्रतिदिन उत्खनन् गर्न सकिने परिमाण घ.मि.) |
|---|---|---|
| १. | कमला नदी | १५७ |
| २. | भिमान खोला | ११.११ |
| ३. | चदाहा खोला | ७१.११ |
| ४. | मरिन नदि | १५४.१३ |
| ५. | जिर्गा खोला | १३.३४ |
| ६. | वुका खोला | ५.१५ |
| ७. | लब्दाहा खोला | ३.५० |
| ८. | गडौली खोला | २.६६ |
| ९. | धमिले खोला | १४.५१ |
| १०. | धनमाना खोला | १२.०८ |
| ११. | ग्वाँग खोला | ५.१८ |

१५.४ उपरोक्त अध्ययन गरिएका नदी र खोला मध्ये २ प्याकेजमा विभाजन गरि बिकि ठेक्का प्रकृया गरेकोमा यसप्रकार देखियो :

| विवरण | Package N1 | Package N2 |
|---|---|---|

| | | |
|---|---|---|
| नदी/खोला | कमला, भिमान र चदाहा | मरिन, जिर्गा, बुका, लब्दाहा, गडौली, धमिले, धनमाना, ग्वाँग खोला |
| न्यूनतम | रु.२,०५,७४,४३८।६९ | १,८०,५३,१७०।६३ |
| परिमाण | २२,८६,०४८.७४ क्यू.फिट | २००५९००.८५ क्यू.फिट |
| ठेक अंक | रु. २,०५,७६,०००.०० | ठेक्का नलागेको |

उपरोक्त मध्ये प्याकेज १ को लागि मिति २०७५।५।११, २०७५।६।११ र २०७५।७।१६ गरी तेस्रो पटकको सूचनामा ठेक्का पर्न गई हंस ईन्टरनेशनल, धनुषा (पान नं. ६०७२४८१०४) संग रु. २,०५,७६,०००।- ठेक्का भई आम्दानी भएको छ भने न्यूनतम कवोल अंक रु. १,८०,५३,१७०।६३ भएको अन्य ८ खोलाको आ.व. २०७५।७६ प्याकेज २ मा कुनै ठेक्का हुन सकेको देखिएन । साथै उक्त क्षेत्रबाट नगरपालिका आफैंले अमानतबाट कर संकलन गरेको समेत पाइएन ।

१५.५. **अतिरिक्त उत्खनन् :** कमला, भिमान र चदाहा खोलामा आ.व. २०७५।७६ र २०७६।७७ को लागि उत्खनन पूर्व प्रारम्भिक वातावरणीय मूल्याँकन तथा परिक्षण (IEE) प्रतिवेदन अनुसार उक्त नदी तथा खोलाहरुमा वर्षमा ९ महिना (असार, साउन र भदौमा उत्खनन नगरिने शर्तमा) विकि गर्नसक्ने परिमाण २२,८६,०४८.७४ क्यू.फिट बराबरको ठेक्का सम्झौता भई सोही परिमाण संकलन तथा बिकी गरी आय गरेको छ। यसै आ.व. मा धरान-चतरा-गाईघाट-कठारी-सिन्धुली हेटौडा सडक आयोजनाको सिन्धुली जिल्लाको कमलामाई नपामा क्षेत्र खण्ड भित्र सञ्चालन भएको ठेक्का प्याकेजमा निर्माण भई रहेका सडक तथा पुलमा प्रयोग हुने ढुँगा, गिट्टी, मिक्स ग्राभेल संकलन बिकी गरे वापत विभिन्न निर्माण व्याबसायीहरुबाट रु. १,६२,२४,२३३।- आम्दानी गरेको छ । यसरी नगरपालीकाले IEE प्रतिवेदनले सिफारिस गरेको नितिगत मापदण्ड भन्दा बढि परिमाणमा उत्खनन गरेको पाईयो । यसकिसिमको कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

१५.६. **नदीजन्य सामग्रीको सडकमार्ग आयोजनामा प्रयोग शुल्क :** मदन भण्डारी लोकमार्ग आयोजनाको सिन्धुली जिल्लाको कमलामाई न. पा. क्षेत्र भित्र सञ्चालन भएको र उक्त खण्डमा कार्यरत निर्माण व्याबसायीहरुले आयोजना ठेक्कामा प्रयोग हुने ढुँगा, गिट्टी, मिक्स ग्राभेल संकलन गरे वापत संकलन तथा बिकी वापतको रकम निम्न अनुसार प्राप्त भएको छ ।

| मिति | निर्माण व्यासायी | संकलन तथा बिकी परिमाण | बिकी दर | रकम | कैफियत |
|---|---|---|---|---|---|
| २०७५।२।२४ | कालिका-स्वच्छन्द-रान्केन जेभि | | उल्लेख नभएको | ३,८६,२५२।०० | आ.व. २०७४/७५ |
| २०७५।८।६ | ,, | | ,, | ६,८१,५२६।०० | |
| २०७५।१०।३ | ,, | | ,, | १६,१५,४१४।६४ | कुल प्राप्त रु. २६,८३,१९२।६४ |
| २०७५।२।२९ | रसुवा कन्स्ट्रक्सन (पुल निर्माण) | उल्लेख नभएको | ,, | ५,००,०००।०० | आ.व. २०७४/७५ |
| २०७५।७।२९ | ZIEC-शर्मा-लामा जेभि | ,, | ,, | ९७,३९,२१२।०० | |
| २०७६।३।२५ | ,, | ,, | ,, | ४८,६९,६०६।०० | |
| **जम्मा** | | | | **१७७९२०१०/६४** | |

उक्त अनुसार रकम प्राप्त गरेकोमा उक्त निर्माण कंपनीहरुले के कति परिमाणमा ढुँगा, गिट्टी, मिक्स ग्राभेल संकलन गरे सो को कुनै अभिलेख तथा जानकारी कार्यालयले राखेको छैन । साथै मदन भण्डारी लोकमार्ग आयोजना कार्यालयसंग यस विषयमा जानकारी लिने तथा आफ्नो क्षेत्रभित्रको उत्खननमा अनुगमन, नियन्त्रणका प्रयास गरेको पाईएन । यसबाट नदिजन्य उत्खननबाट भएको आय यथार्थपरक देखिएन । यसरी नगरपालिकालाई प्राप्त हुनुपर्ने यस शिर्षकको आम्दानी चुहावट भैरहेको सम्बन्धमा नगरपालिकाबाट आवश्यक पहल गरि असुलउपर हुनुपर्दछ ।

१५.७. **विभाज्यकोष दाखिला :** प्रदेश आर्थिक ऐन, २०७५ को अनुसुची ५ अनुसार प्रदेश ३ आर्थिक मामिला तथा योजना मन्त्रालयको च.न. ६४ मिति २०७५।४।२२ को परिपत्रमा गिट्टी, मिक्स ग्राभेल संकलन रु.३।०० र विकी रु. ६।०० गरी रु. ९।०० प्रति घन फिटको दरले उठाउने र ६०% स्थानीय संचितकोषमा र ४०% प्रदेश संचितकोषमा मासिक रुपमा पठाउने उल्लेख छ । नगरपालिकाले निर्माण व्यवसायी कालिका-स्वच्छन्द-रान्केन जे.भी.बाट पेश भएको २०७५।३।१ सम्म पाईप कल्भर्टमा १२६२.५४ घ.मि., मशिनरी वालमा ४४५८.४ड घ.मि. र ग्यावियन वालमा २३१० घ.मि. तथा २०७५ श्रावण देखि २०७५।७।१ सम्म २६४९.५० घ.मि. गरि

| | | |
|---|---|---|
| | १०६८०.५२ घ.मि. अर्थात ×३५.२८ ले हुने ३७६८०८.७५ घ.फि.को रु.९.०० ले रु.३३,९१,२७८।७५ दखिला गर्नुपर्नेमा रु.२६,८३,१९२।६४ दाखिला गरेकोले घटि रु.७,०८,०८६।०० कालिका-स्वच्छन्द-रान्केन जेभिबाट असुल भई विभाज्यकोष दाखिला हुनुपर्ने रु. | |
| १५.८. | **मू.अ.कर दाखिला नभएको –** उपरोक्त बमोजिम निर्माण व्याबसायीले ठेक्का आयोजनामा प्रयोग गरेको गिट्टी, मिक्स ग्राभेल दहत्तर बहत्तर संकलन तथा विकी शुल्क असुलीमा मुल्यअभिवृद्धि कर ऐन, २०५२ को दफा ५ (३) अनुसुचि १ बमोजिम थप १३% मुल्यअभिवृद्धि कर लिई संघीय संचितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले माथि दफा नं. १५.५ र १५.६ मा उल्लेख भएको दहत्तर, बहत्तरबाट प्राप्त रकममा मू.अ.कर असूल गरेको नपाइएकोले उक्त रकममा लाग्ने मूल्य अभिवृद्धि कर वापतको रकम रु. ४७,८४,०३१।- संघीय सञ्चितकोषमा दाखिला हुनुपर्ने रु. | |
| १५.९. | **प्रदेश सञ्चितकोष दाखिला :** प्रदेश आर्थिक ऐन, २०७५ को दफा ९ अनुसुची ५ अनुसार गिट्टी, मिक्स ग्राभेल दहत्तर बहत्तर शुल्क संकलन रु.३।०० र विकी रु. ६।०० गरि रु. ९।०० प्रति घन फिटको दरले उठाउने र ६०% स्थानीय संचितकोषमा र ४०% प्रदेश संचितकोषमा मासिक रुपमा पठाउने व्यबस्था छ। नगरपालिकाले यस आर्थिक वर्षमा सडकमार्ग आयोजनाका निर्माण व्यवसायीबाट विभाज्यकोषमा रु. १,६९,०५,७५८/- प्राप्त गरेकोमा रु. १६,१५,४१४/- को ४०% ले हुने रु. ६,४६,१६६/- मात्र प्रदेश संचित कोष पठाएको छ। प्राप्त रकम मध्ये बाँडफाँड हुन बाँकी रु.१,५२,९०,३४४/- को ४०% ले हुने रकम रु. ६१,१६,१३८/- प्रदेश संचित कोष पठाएको देखिएन । प्रदेश संचित कोष पठाउन बाँकी रु. ६१,१६,१३८/- प्रदेश संचित कोष पठाउनु पर्ने रु. | |
| १५.१०. | **प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयन :** कार्यालयले ढुंगा,गिट्टी र बालुवा आदि खनिज जन्य पदार्थ उत्खनन्का लागी प्रारम्भिक वातावरण अध्ययन गरी सोही अनुसार उत्खनन् एंव ठेक्का बन्दोवस्त गरिनु पर्दछ। कार्यालयले नगरपालिका क्षेत्रमा पर्ने देहायका नदीबाट खनिज तथा नदीजन्य पदार्थको ठेक्का बन्दोवस्त गर्न वातावरणीय अध्ययन (IEE) गराएको छ । तर प्रतिवेदनमा उल्लेख भए भन्दा बढी हुने गरी दैनिक तथा बार्षिक उत्खननु गर्ने कार्य नियन्त्रणका लागी कुन कुन स्थानबाट के कति परिमाणमा नदिजन्य पदार्थ उत्खनन् गरियो भन्ने परिमाण र मिति देखिने अभिलेख राख्ने गरेको देखिएन । यसबाट वातावरण अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणमा उत्खनन् गर्ने कार्य नियन्त्रण हुन सक्दैन । अत : प्रतिवेदनमा उल्लेखित अनुमानित परिमाणमा कति निकालियो र कति निकाल्न बाँकी छ भन्ने अभिलेख अधावधिक गरी प्रतिवेदन कार्यान्वयनलाई प्रभावकारी बनाइनु पर्दछ । | |
| १५.११. | **भूमीकर (मालपोत):** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५६ मा नगर/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको जग्गामा त्यस्तो जग्गा उपयोगका आधारमा भूमीकर (मालपोत) लगाउन सक्ने उल्लेख छ। कार्यालयले यो वर्ष १४ वडामा एकिकृत सम्पत्ती कर प्रणाली लागू गरि २०७४ साल देखि आम्दानी गरेको र सो अघिको बक्यौता असुल गर्न साविकका गाउँपालिकाका वडाहरुमा वडा कार्यालयहरु मार्फत भूमीकर (मालपोत) रु. १ लाख ६२ हजार ५८६ (लक्ष्य ५ लाख) तथा एकिकृत सम्पत्तीकर रु. ५३ लाख २५ हजार ८८१(लक्ष्य ५० लाख) समेत आय रु. लाख हजार संकलन गरेको आय विवरण पेश गरेको छ। उक्त आयको वडागत अभिलेख राखेको देखिएन। अतः अभिलेख व्यवस्थित बनाई भूमीकर (मालपोत) असूलीमा वृद्धि ल्याउनुपर्दछ। | |
| १५.१२. | **व्यवसाय कर:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष कार्यालयले व्यवसाय दर्ता तथा नवीकरण शुल्क रु ११ लाखको आय अनुमान गरेकोमा यर्थाथ रु १८ लाख ४५ हजार ०२७( १६८ प्रतिशत)असुल गरेको छ । नगरपालिका कार्यालयवाटै व्यवसाय दर्ता हुने गरेकोले सो व्यवसायहरुको संख्या, विवरण अभिलेख अद्यावधिक राखि करको दायरा बढाउनु पर्दछ। | |
| १५.१३. | **सवारी कर:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। यस वर्ष लक्ष्य | |

| | | |
|---|---|---|
| | १ लाख अनुमान गरेकोमा कार्यालयले ३ पाँग्रे अटोरिक्साको रु. १,०००।०० दर्ता र रु. २००।०० वार्षिक नविकरण शुल्क तोकि सवारी दर्ता राजश्व असुली गरेको छ। दर्ताको लगत अद्यावधिक गरि राजश्व आम्दानीको दायरा बढाउनु पर्छ। | |
| १५.१४. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७५।७६ मा कार्यालयले यस शीर्षकमा कर लक्ष्य रु. १ लाख अनुमान गरेकोमा रु. १ लाख ०१ हजार ६० संकलन गरेको छ। कार्यालयले क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन करको अभिलेख छैन। अतः मनोरन्जन करको सम्भावित लगत अभिलेख तयार गरी मनोरन्जन कर आम्दानी वृद्धि गर्नुपर्दछ। | |
| १५.१५. | **नगदी आम्दानी तथा मालपोतबाट आन्तरिक आय :**नगरपालिकाले यो बर्ष नगदी रसिद तथा साविक गाविसहरुमा मालपोत रसिद ठेली बाट एकिकृत सम्पत्तिकर विभिन्न शिर्षकमा आम्दानी गरेको छ। उक्त आम्दानी कारोवार गर्दा देहाय अनुसार गरेको छ : | |
| १५.१६. | **रसिद नम्बरको क्रम नमिलेको :** आर्थिक वर्ष समाप्त भएर नयाँ शुरु भएपछि रसिद नम्बरको नयाँ सि.नं. बाट प्रयोग गर्नुपर्नेमा अघिल्लो वर्षको नम्बरलाई निरन्तर गरि प्रयोग गरेको पाईयो। यसबाट रसिदबाट हुने आम्दानी हिनामिना हुनसक्ने अवस्था भएकोले यस किसिमको प्रचलनमा सुधार हुनुपर्दछ। | |
| १५.१७. | **संकलित आम्दानी समयमा दाखिला नभएको :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७५ को दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतका दरले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागिय कारबाही समेत गराउन सक्नेछ भन्ने व्यवस्था गरेको छ। कार्यालयमा विभिन्न वडा कार्यालयहरुमा पञ्जिकरण दर्ता, सिफारिस दस्तुरको संकलन गर्दा केही राजश्व रसिद काटीएको रकम एक वा दुई/तिन ठेलीको जम्मा रकम एकमुष्ठ दाखिला गर्ने तथा समयमा नै दाखिला नगर्ने गरेको देखिएकोले रसिद काटेर मात्र सेवा दस्तुर संकलन गरी सो कानुनमा भएको व्यवस्था बमोजिमको समय भित्र दाखिला गरिनु पर्ने देखिन्छ। लेखापरीक्षणको कममा केहि आम्दानी गरिएका नगदि रसिदको परिक्षण गर्दा रसिद फिर्ता नगरिएको, ढिलो दाखिला गरिएको, घटि रकम दाखिला गरिएको तथा दाखिला नगरिएको देखिएका निम्न अनुसारको रकम राजश्व आम्दानी गर्ने जिम्वेवार कर्मचारीबाट जरिवाना सहित असुल हुनुपर्ने र कार्यालयबाटै थप छानविन गरी यकिन हुनुपर्ने देखिएको रु. | ५५,८२३/५० |

| जिम्वेवार व्यक्ति | ठेली/रसिद नं. | असुली मिति | दाखिला मिति | राजश्व रकम | १० प्रतिशतले हुने जरिवाना रु. |
|---|---|---|---|---|---|
| **बैकुण्ठ कार्की वडा नं. १** | १२८(१२७०१–१२८००) | २०७५।११।२८ | २०७६।४।२८ | १३,३४९।०० | १३३४.९ |
| | २८०(२३१०१–२३२००) | २०७५।४।२ | २०७६।४।२ | ३४,७९८।०० | ३४७९.८ |
| | ५५०१–५५५० मालपोत | २०७५।६।४ | २०७५।११।१२ | ४,००३।०० | ४००.३० |
| | १११(११००१–११२००) | २०७५।१०।१८ | प्राप्त नभएको | ०० | ० |
| | ११२(१११०१–११२००) | २०७५।१०।१८ | ,, | ०० | ० |
| | ६६५१–६७०० मालपोत | | ,, | ०० | ० |
| **मुरारीदेव श्रेष्ठ वडा नं.२** | ७१०१–७१५० मालपोत | २०७६।३।४ | २०७६।३।३० | ६,२२२।०० | **६२२.२** |
| **लेखनाथ चापागाई** | २२९(२२८०१–२२९००) | | ,, | | **०** |
| **निर्मला कार्की वडा ४** | ३(२०१–३००) | २०७५।७।१३ | २०७५।७।२६ | ५१,००२।०० | **५१००.२** |
| **उद्धव ब. थापा वडा ४** | १००(९९०१–१००००) | २०७५।९।२४ | २०७६।३।२० | ४१,५००।०० | **४१५०** |
| **खड्ग ब. मगर वडा ७** | ७५(७४०१–७५००) | २०७५।८।६ | २०७६।२।५ | ३९,२९६।०० | ३९२९.६ |
| | ७०(६९०१–७०००) | | २०७६।३।३१ | ९८३३९।०० | ९८३३.९ |
| **चक्रबहादुर मगर वडा ८** | २६६(२१७०१–२१८००) | २०७५।२।२३ | २०७५।५।२४ | ४७,६०१।०० | ४७६०.१ |
| | ७८(७७०१–७८००) | २०७५।७।१९ | २०७५।१०।७ | ५०,०००।०० | ५००० |
| | १०८(१०७०१–१०८००) | २०७५।८।१८ | २०७६।३।२६ | ५०,०००।०० | ५००० |
| | ९८(९७०१–९८००) | | २०७५।११।३ | ५०,०००।०० | ५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| **दाबहादुर रजानमगर वडा नं.१०** | २०४(१५५०३–१५६००) | २०७५।७।२५ | २०७५।८।५ | ३१,५७८।६५ | **३१५७.८** |
| **सुवर्ण घिसिङ्ग वडा नं. ११** | ६२०१–६२५० मालपोत | २०७५।१२।१७ | २०७६।३।३१ | ३,२०२।०० | **३२०.२** |
| **मुकेश तामाङ्ग वडा नं.९** | १३(१२०१–१३००) | | प्राप्त नभएको | | **०** |
| | १७६०१–१७७००) | | २०७६।४।६ | ३७,३४०।०० | **३७३४.४** |
| **जम्मा** | | | | | **५५८२३.४** |

१५.१८. **वडागत आय विवरण तयार नगरेको :** कार्यालयले यो वर्ष १४ वटा वडा, पशु सेवा शाखा, राजश्व शाखा, नगर प्रहरी शाखा, व्याबसाय कर असुली आदि शाखाबाट आन्तरिक आय प्राप्त गरेकोमा कार्यालयले अन्तर्गतबाट प्राप्त आम्दानी एकमुष्ट  नगरपालिका केन्द्रमा दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट कुन वडा वा शाखाले कार्यालयको आयमा गरेको योगदान एकिन हुन सकेन । अतः कार्यालयले प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख राखि सोहि अनुसार दाखिला गर्ने व्यवस्था मिलाउनुपर्ने र प्रत्येक वडाले मासिक आय विवरण तयार गरि कार्यालयमा पठाउने र कार्यालयले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ ।

१५.१९. पेश हुन आएका आम्दानी जनाईएका रसिदहरुको कार्वन कपिमा परिमाण र असुली रकम अस्पष्टछन । प्रयोग भएका रसिदमा प्राप्त रकम अक्षरमा समेत लेख्नु पर्नेमा लेखेको छैन । जसको कारण असुली भएको रकम  र आम्दानी देखाएको रकम यकिन गर्न सकिने अवस्था छैन ।

१५.२०. **बक्यौता रकम र असुली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौतासमेत असुली गर्ने व्यवस्था छ । कार्यालयले उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तःशुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ ध्यान दिनु जरुरी छ ।

१५.२१. **उठ्न बाँकी बहाल भाडा :** आर्थिक वर्ष ०७५।०७६ मा नगरपालिका कार्यालयबाट विभिन्न व्यक्तिहरुसंग भएको स्टल भाडा सम्बन्धी सम्झौतामा उल्लेख भएबमोजिम देहाय अनुसारको रकम उठ्न वाँकी देखिएको हुँदा सम्बन्धित व्यक्तिहरुसँग जरिवाना सहित असुल हुनुपर्ने रु. ३,५५,४७०/-

| सि.न | नाम, थर | स्थान | अवधि | रकम | थप जरिवाना | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| १. | सरोज बुढाथोकी | नपा स्टल २ | आ.व.०७५।०७६ | १३४६४०।०० | २६९३।०० | १३७३३३।०० |
| २. | भरत ठाकुर | नपा स्टल २ | आ.व.०७५।०७६ | १७०५०।०० | ३४१।०० | १७३९१।०० |
| ३. | रघुपति प्रधान | भिमान स्टल २ | आ.व.०७५।०७६ | १३८६०।०० | २७७२।०० | १४१३७।०० |
| ४. | कृष्ण रौनियार | मिनी मार्केट | आ.व.०७५।०७६ | ४५००।०० | ९०।०० | ४५९०।०० |
| ५. | विष्णु कुमार श्रेष्ठ | मिनी मार्केट | आ.व.०७५।०७६ | ६३४५०।०० | १२६९।०० | ६४७१९।०० |
| ६. | बुद्धिमान विश्वकर्मा | मिनी मार्केट | आ.व.०७५।०७६ | ६०००।००।०० | १२०।०० | ६१२०।०० |
| ७. | भिम बहादुर तमाङ | मिनी मार्केट | आ.व.०७५।०७६ | २८०००।०० | ५६०।०० | २८५६०।०० |
| ८. | पदम बहादुर श्रेष्ठ | मिनी मार्केट | आ.व.०७५।०७६ | ४२०००।०० | ८४०।०० | ४२८४०।०० |
| ९. | कृष्ण बहादुर आले | मिनी मार्केट | आ.व.०७५।०७६ | ३०००।०० | ६०।०० | ३०६०।०० |
| १०. | चन्द्र बहादुर पुलामी | मिनी मार्केट | आ.व.०७५।०७६ | १८०००।०० | ३६०।०० | १८३६०।०० |
| ११. | ढाल ब. विश्वकर्मा | मिनी मार्केट | आ.व.०७५।०७६ | १८०००।०० | ३६०।०० | १८३६०।०० |
| | | | | | **जम्मा** | **३,५५,४७०।००** |

१५.२२. विगत वर्षदेखि कमलामाई नगरपालिकासंग विभिन्न व्यक्तिहरुसंग भएको स्टल भाडा सम्बन्धी सम्झौतामा उल्लेख भए वमोजिम भाडा उठ्न बाँकी भएको हुँदा सम्बन्धित व्यक्तिहरुसँग थप जरिवाना सहित असुल हुनुपर्ने भाडा रु.

| सि.न. | नाम, थर | स्थान | अवधि | उठ्न बाँकी रकम |
|---|---|---|---|---|
| १. | अम्बिका वैदार | कनपा- ६ स्टल भाडा | २०७६ वैशाख देखि आषाढ मसान्त | ११,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| २. | अम्बिकादेवी ढकाल | ,, | २०६८ श्रावण देखी २०७६ आषाढ मसान्त | १,४३,१९०.०० |
| ३. | माधवप्रसाद कोईराला | ,, | २०७५ श्रावण देखि २०७६ आषाढ मसान्त | ३५,४४०.०० |
| ४. | कृष्णप्रसाद ढकाल | ,, | २०७४ श्रावण देखि २०७६ आषाढ मसान्त | ४३,५६०.०० |
| ५. | राजकुमार श्रेष्ठ | ,, | २०७५ श्रावण देखि २०७६ आषाढ मसान्त | २७,९४०.०० |
| ६. | सिन्धुली ब. क्याम्पस | ,, | २०६८ श्रावण देखि २०७६ आषाढ मसान्त | १,३८,१४०.०० |
| ७. | नेपाल स्काउट | ,, | २०७५ श्रावण देखि २०७६ आषाढ मसान्त | २७,९४०.०० |
| ८. | कर्मचारी मिलन केन्द्र | ,, | २०७५ श्रावण देखि २०७६ आषाढ मसान्त | ४३,३४०.०० |
| ९. | जि.स.स.सिन्धुली | ,, | २०५० श्रावण देखि २०७६ आषाढ मसान्त | १,५७,७४०.०० |
| १०. | गौम्ती मा.वि. | ,, | २०७४ श्रावण देखि २०७६ आषाढ मसान्त | ३५,५४०.०० |
| ११. | खुश बहादुर कोइराला | | ,, | ६,६००.०० |
| | | | जम्मा | ६,७०४३०/- |

१५.२३. **मेशिन/इक्वीपमेन्टको सञ्चालन आयव्यय :** नगरपालिकाले खरिद गरि सञ्चालनमा रहेका ब्याक हो लोडर १, कंकिट कटर मेशिन १ लगायतका ईक्वीपमेन्टहरुको सञ्चालन भएको मेशिन घण्टा, ईन्धन खर्च खुल्ने लगसिट तथा आम्दानीको अभिलेख राख्ने गरेको पाईएन अतः यी साधनहरुको सञ्चालन आय र व्यय अवस्था यकिन हुन सकिएन । व्यहोराहरु खुल्नेगरि अभिलेख राखि आम्दानी जनाईनुपर्छ ।

१६. **सवारी साधन, मेसिन तथा उपकरण र सम्पत्तिको अवस्था**–कार्यालयको जिम्मामा रहेका प्रमुख सवारी साधन, मेसिन तथा उपकरण र सम्पत्तिको अवस्था देहाय अनुसार रहेको पाइयो :–

| सि.नं. | सवारीसाधनमेसिन/उपकरण | संख्या | सञ्चालन अवस्था | | | |
|---|---|---|---|---|---|---|
| | | | चालु | मर्मत गर्नुपर्ने | लिलाम गर्नुपर्ने | अन्यत्र प्रयोगमा रहेको |
| १ | ब्याक हो लोडर | १ | १ | | | – |
| २ | स्कारपियो | १ | १ | | | – |
| ३ | महिन्द्रा बोलेरो | १ | १ | | | – |
| ४ | ट्रिपर | २ | २ | | | – |
| ५ | सक्सन टयाङ्क | १ | १ | | | – |
| ६ | दमकल | १ | १ | | | – |
| ७ | टयाक्टर | १ | १ | | | – |
| ८ | माइक्रो भ्यान | १ | | | १ | – |
| ९ | मोटर साइकल | १५ | १४ | | १ | – |
| १० | रोड रोलर | १ | १ | | | – |
| ११ | जम्पर मेसिन | २ | १ | १ | | – |
| १२ | कंक्रिट कटर मेसिन | १ | १ | | | – |
| १३ | जेनेरेटर | २ | | | २ | – |
| १४ | फोहोर बोक्ने गाडी | १ | १ | | | – |

उपर्युक्त तालिका अनुसार १ थान जम्पर मेशिन मर्मत गर्नुपर्ने तथा माइक्रो भ्यान थान १, मोटरसाइकल थान १ र जेनेरेटर थान २ लिलाम गर्नुपर्ने अवस्थाको रहेको पाइएकोले नियमानुसार मर्मत, सम्भार तथा लिलामीको प्रक्रिया अगाडि बढाई जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ ।

१७. **आन्तरिक आय तथा खर्चको स्थितिः** कार्यालयको आन्तरिक आयको विभिन्न शीर्षकमा खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ :

| कूल आन्तरिक आय | कूल प्रशासनिक खर्च | आर्थिक सहायता खर्च | भैपरी आउने खर्च | पूँजीगत खर्च |
|---|---|---|---|---|
| ६०२,३३,९३४।- | १,२४,६९,३५९/४० | ५००,०००।- | – | ३६,१९,७९,१९०। - |

१८. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** यस नगरसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छ :–

| क्र. सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३१८५९०००/- | २१७,८४,८९५/- | २.१३ |
| २ | पुर्वाधार विकास | ३८२५१२८६३/- | ३४,०६,११,८१३/- | ३३.३३ |

| | | | | |
|---|---|---|---|---|
| ३ | सामाजिक विकास | ५६६३१५५८४/- | ५१,३३,२३,०५३/३५ | ५०.२४ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | १८८५००००/- | १,२१,७८,५६२/- | १.२० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २६२०२३७१/- | २,१७,८७,५९०/- | २.१३ |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३२२४५३२८/- | ११,२१,१५,९७९/२८ | १०.९७ |
| | **जम्मा** | **६/-** | **०** | **१००** |

१९. **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् :–

| रु. १ लाख सम्मका योजना संख्या | रु. १ देखि २ लाख सम्मका योजना संख्या | रु. २ देखि ३ लाख सम्मका योजना संख्या | रु. ३ देखि ४ लाख सम्मका योजना संख्या | रु. ४ देखि ५ लाख सम्मका योजना संख्या | रु. ५ देखि १० लाख सम्मका योजना संख्या | रु. १० लाख भन्दा बढीका योजना संख्या | **जम्मा संख्या** |
|---|---|---|---|---|---|---|---|
| १६५ | ७६ | ५४ | १६ | ६७ | ४२ | १२ | ४३२ |

उपर्युक्त तालिका अनुसार कूल योजना संख्या ४३२ मध्ये रु. ३ लाखसम्मका योजना संख्या २९५ (कूल संख्याको ६८.३९ प्रतिशत अर्थात् दुई तिहाइभन्दा बढी) रहेको पाइयो । यसरी साना योजना अधिक संख्यामा छनौट तथा कार्यान्वयन गर्दा अनुगमन तथा मूल्यांकनमा कठिनाइ हुने, योजनाहरुको उपलब्धि तथा प्रभावकारिता मापन गर्न कठिनाइ हुने हुँदा ऐनको व्यवस्था अनुसार आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

२०. **कन्टिन्जेन्सी खर्च -**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७)सँग सम्बन्धित अनुसूची१ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कण्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । यो वर्ष कार्यालयले निम्नानुसार रु. १८ लाख ३२ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाइयो । जुन यस वर्षको कूल पूर्वाधार खर्चरु. ५१ करोड ३३ लाख २३ हजार को ०.३६ प्रतिशत हुनआउँछ। उक्त कन्टिन्जेन्सी खर्च रकम स्वीकृत सीमाभित्रै रहेको पाइयो ।

| क्र.सं. | कार्यक्रमको नाम | कन्टिन्जेन्सी खर्च रु. | क्र.सं. | कार्यक्रमको नाम | कन्टिन्जेन्सी खर्च रु. |
|---|---|---|---|---|---|
| १ | आयोजना अनुगमन भ्रमण खर्च | ९७०,६५५/- | ३ | टेण्डर डकुमेण्ट तयारी | ६५,०७५/- |
| २ | सूचना प्रकासित | १९६,१६८/- | ४ | विभिन्न सडक हेरालु | ६००,०००/- |
| | **जम्मा** | | | | **०/-** |

२१. **ज्याला तथा निर्माण सामग्रीको दररेट –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा पुरै जिल्लाभरि वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा एक समिति रहने, यस्तो दररेट निर्धारण गर्दा प्रचलित बजार दरलाई आधार लिनुपर्ने, हरेक वर्षको श्रावण महिनाभित्र त्यस्तो दररेट निर्धारण गरिसक्नुपर्ने र यसरी निर्धारित दररेटको सूचना प्रमुख जिल्ला अधिकारीले जिल्लाभित्रका सबै कार्यालयहरुमा पठाई सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालय, महालेखापरीक्षकको कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रका कार्यालयलाई दिनुपर्ने व्यवस्था छ ।

यस नगरपालिकाले सिन्धुली जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेट प्रयोग नगरी नगर कार्यपालिकाको मिति २०७५।३।१४ को निर्णयानुसार आफ्नो नगरपालिका क्षेत्रभित्र लागू हुने गरी छुट्टै दररेट निर्धारण गरेको पाइयो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला तथा महशूलको स्थानीय दररेट तोक्ने सक्ने व्यवस्था

रहेको भए तापनि अधिकांश निर्माण सामग्री तथा ज्यालाको दररेट सार्वजनिक खरिद नियमावली बमोजिम गठित जिल्ला दररेट निर्धारण समितिले तय गरेकोभन्दा १.१९ प्रतिशतदेखि ११.८९ प्रतिशतसम्म बढी रहेको पाइयो । यस्तो दररेट निर्धारण गर्दा बजारमा प्रचलित दररेट, गत विगतको दररेट लगायतका पक्षलाई आधार लिने असल अभ्यास रहेको पाइन्छ । नगर कार्यपालिकाले यस्तो दररेट निर्धारण गर्दा यस्ता पक्षलाई ध्यान दिन सकेको पाइएन । जसको कारणबाट नगरपालिकाले सञ्चालन गरेका विभिन्न निर्माण कार्य तथा अन्य वस्तु तथा सेवाको लागत नगर तथा जिल्ला भित्रका अन्य सार्वजनिक निकायको भन्दा महँगो पर्न गएको अवस्था छ । अतः निर्माण सामग्री तथा ज्यालाको दररेट निर्धारण गर्दा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

| सि.नं. | विवरण | एकाई | स्वीकृत जिल्ला दर | न.पा. ले निर्धारण गरेको दर | फरक दर रु. | फरक प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | दक्ष कामदार | प्रति व्यक्ति प्रतिदिन | ९९०/- | ११००/- | ११०/- | ११.११ |
| २. | अदक्ष कामदार | प्रति व्यक्ति प्रतिदिन | ७१५/- | ८००/- | ८५/- | ११.८९ |
| ३. | सिमेण्ट (ओ.पि.सी.) | प्रति बोरा | ८४०/- | ८५०/- | १०/- | १.१९ |
| ४. | बालुवा | घ. मी. | ११८०/- | १२००/- | २०/- | १.७० |
| ५. | ईँटा<br>१. मेशिनमेड<br>२. चिम्नी भट्टा<br>३. तेलिया | <br>गोटा<br>गोटा<br>व.मी. | <br>१४/७५<br>१४/५०<br>६६०/- | <br>१६/२५<br>१६/-<br>७२५/- | <br>१/५०<br>१/५०<br>६५/- | <br>१०.१७<br>१०.३५<br>९.८५ |
| ६. | गिट्टी (फोरुवा)<br>१. 5-10 mm<br>२. 11-20 mm<br>३. 21-40 mm | <br>घ. मी.<br>घ. मी.<br>घ. मी. | <br>२४००/-<br>२६००/-<br>२५००/- | <br>२४९०/-<br>२६९५/-<br>२५००/- | <br>९०/-<br>९५/-<br>९०/- | <br>३.७५<br>३.३<br>३.६० |
| ७. | गिट्टी/रोडा (रिभर बेड)<br>१. 5-10 mm<br>२. 11-20 mm<br>३. 21-40 mm | <br>घ. मी.<br>घ. मी.<br>घ. मी. | <br>१७४०/-<br>१६२५/-<br>१६२५/- | <br>१८१५/-<br>१७०५/-<br>१७०५/- | <br>७५/-<br>८०/-<br>८०/- | <br>४.३१<br>४.६९<br>४.६९ |

## वित्तीय समानीकरण अनुदान (पूँजीगत तर्फ)

२२. **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । कार्यालयले यसवर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय रुपमा आयोजनाको बजेटको आधारमा अस्थायीरुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

२३. **लागत सहभागिता** – नगर कार्यपालिकाद्वारा तर्जुमा गरी लागू गरिएको "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" को दफा ७(३) मा उपभोक्ता समितिले कूल लागतको कम्तीमा ३० प्रतिशत लागत सहभागिता व्यहोर्नुपर्ने, जसमध्ये १० प्रतिशत नगद र २० प्रतिशत श्रमदान गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयले निर्माणसँग सम्बन्धित विभिन्न योजना कार्यान्वयन गर्ने सिलसिलामा उपभोक्ता समितिसँग सम्झौता गर्दा लागत अनुमानको १० प्रतिशतले हुने रकम नगरपालिकाको खातामा नगद दाखिला गराउने गरेकोमा उक्त रकम योजनाको रनिङ्ग बिल वा अन्तिम बिल भुक्तानी गर्दा मूल्यांकित बिल रकममा थप गरी फिर्ता गर्ने गरेको पाइयो ।

२४. **मर्मत सम्भार कोष** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी

| | | |
|---|---|---|
| | शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै कार्यालयले विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौताको शर्तको बुँदा नं. ६ मा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | |
| २५. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| २६. | **निर्माण कार्यको गुणस्तर**–नगर कार्यपालिकाद्वारा तर्जुमा गरी लागू गरिएको "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" को दफा १२ मा उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तव्य हुने, गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नुपर्ने व्यवस्था गरिएको छ :–<br>• स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने,<br>• कार्यालयसँग भएको सम्झौता बमोजिम निर्माण विधि र प्रकृयाको गुणस्तर कायम गर्नुपर्ने,<br>• उपभोक्ता समिति मार्फत् हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हने,<br>• योजनाको दिगोपनाको लागि सम्बन्धित उपभोक्ता समिति सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने ।<br>उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर तथा दिगोपना कायम गर्ने सन्दर्भमा कार्यविधिले उपर्युक्तानुसारका व्यवस्था गरेको भए तापनि कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ । | |
| २७. | **सडक नाला बायो-इन्जिनियरिङ्ग सम्बन्धमा** – सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणी पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मत/सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू-क्षय रोक्नका लागि बायो-इन्जिनियरिङ्ग कार्य समेत गर्दै जानुपर्ने कार्यालयले सो तर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो-इन्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षात्मा सञ्चालनमा आउन नसक्ने, वर्षात्पछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू-क्षय | |

तथा भू-स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखत पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ ।

२८. **जटिलसंरचना निर्माण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, पार्क निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक, दक्ष र अनुभवी निर्माणव्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

२९. **फाराम तथा अनुसूचीहरुको प्रयोग –** नगर कार्यपालिकाद्वारा तर्जुमा गरी लागू गरिएको "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५"मा सार्वजनिक परीक्षण (अनुसूची ३), खर्च सार्वजनिक सूचना फाराम (अनुसूची ४), भौतिक तथा वित्तीय प्रगति (अनुसूची ६) लगायतका फाराम तथा अनुसूचीहरुको व्यवस्था गरिएको भए तापनि निर्माण कार्यको रनिङ्ग बिल तथा अन्तिम बिल भुक्तानी माग गर्दा उपभोक्ता समितिहरुले ती विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । कतिपय फारमहरु खाली नै राखी दस्तखत मात्र गरेर पेश गर्ने गरेको पाइयो । अतः यस्ता फाराम तथा अनुसूचीहरु पूर्ण रुपमा भरी आएपछि मात्र भुक्तानी हुने गरी सुदृढ आन्तरिक नियन्त्रणको व्यवस्था हुनुपर्दछ ।

३०. **सडक तथा अन्य संरचनाको चेनेज तथा लोकेशन –** सडक निर्माण तथा सो अन्तर्गत पुल, कल्भर्ट, साइड ड्रेन, रिटेन्सन वाल लगायतका संरचना निर्माण गर्दा चेनेज (दूरी) तथा लोकेशन (स्थान) स्पष्ट रुपमा खुलाउनु पर्नेमा कार्यालयले सडक तथा अन्य संरचना निर्माणका अधिकांश कार्यमा खुलाएको पाइएन । यसरी चेनेज तथा लोकेशन नखुलाउँदा सोही स्थानमा पुनः कार्य भएको जनाई दोहोरो भुक्तानी हुन सक्ने अवस्था रहने हुनालेसडक तथा अन्य संरचना निर्माण गर्दा, गराउँदा अनिवार्य रुपमा चेनेज तथा लोकेशन खुलाउने व्यवस्था हुनुपर्दछ । चेनेज तथा लोकेशन नखुलाएका केही उदाहरण देहाय अनुसार छन् :-

| भौ.नं./मिति | योजनाको नाम | कार्य विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३६-०७५/७१५, १८९-०७५/११/२२ | हावेदण्डी–बेलगाछी सडक स्तरोन्नति | सडक स्तरोन्नति, रिटेन्सन वाल, कल्भर्ट आदि | ४४६,०००/- |
| ११५, २७४-०७६/१/१९ | साविक १६ नं. कुलो खोलादेखि साविक १७ को सिमानासम्म स्तरोन्नति | " " | १०,००,००० /- |
| ४०-०७५/७/१८ | माझी डाँडा–स्वर्गद्वारी सडक स्तरोन्नति | " " | २६३,०००/- |
| ८३-०७५/९/१२ | ऐंसेलु जंगार–कारागार दलित वस्ती सडक | " " | ५००,०००/- |
| ८५-०७५/९/१७ | पल्लो रामपुर रिङ्गरोड सडक योजना | " " | ४२१,०००/- |
| १४२-०७५/११/०५ | फिटिङ्ग–चिसापानी भिरगाउँ सडक | " " | ८००,०००/- |
| १४३-०७५/११/०५ | सिरुडाँडा–गन्धेपानी सडक स्तरोन्नति | " " | ७००,०००/- |
| १८१-०७५/११/२१ | घिसिङ्गटोल–गडौली खोला–ठूलीटार सडक | " " | ५००,०००/- |
| १९५-०७५/११/२२ | तीनदोभान–सिद्धडाँडा–ज्यामिरे सडक | " " | ८००,०००/- |

३१. भौ.नं. २९७-०७६/२-०२

**काममा दोहोरोपना –**उस्तै प्रकृति र एउटै कार्यक्षेत्रमा काम गर्ने सार्वजनिक निकायहरु बीच प्रभावकारी समन्वय कायम गरी काममा हुन सक्ने दोहोरोपनाको स्थितिमा नियन्त्रण गरिनुपर्दछ । कार्यालयले यस वर्ष नगरपालिकाको वडा नं. ११ मा पर्ने फिटिङ्ग-भिरगाउँ-सिरुडाँडा सडक स्तरोन्नति कार्यमा रु. १० लाख खर्च गरेको छ । जस अन्तर्गत सडकको ग्रेड तथा सतह मिलाउने, रिटेनिङ्ग वाल, ग्याबियन वाल, कल्भर्ट लगायतका संरचना निर्माण समेतको कार्य भएकोमा कुन कुन स्थानमा उक्त कार्य गरिएको हो सो को चेनेज तथा लोकेशन खुलाएको पाइएन । सोही सडक योजनामा कृषि ज्ञान केन्द्र, सिन्धुलीले समेत सडक स्तरोन्नति कार्यको लागि रु. २९ लाख ४९ हजार खर्च लेखेकोमा उक्त कार्यालयले समेत नापी किताबमा चेनेज

तथा लोकेशन खुलाएको छैन । यसरी एउटै सडक योजनामा फरक २ निकायबाट लगानी हुने तर कार्य गरिएको स्थान तथा चेनेज सम्बन्धी विवरण नखुलाउँदा यसमा दोहोरोपनाको स्थिति देखिएको हुँदा यस सम्बन्धमा छानविन गरी दोहोरोपना रहे/नरहेको सम्बन्धमा यकिन हुनुपपर्दछ ।

३२. **माटो र चट्टान काट्ने कार्यको अनुपात –**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (Soil & Rock cutting Ratio) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधार लिएर गर्नुपर्दछ । कार्यालयले उक्त आधारहरु बेगरै स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण गर्ने गरेको पाइयो । कार्यालयबाट सञ्चालित मोटरबाटो योजनाहरुको भुक्तानीको स्रेस्ता परीक्षण गर्दा चट्टानको अनुपात १० देखि ४२ प्रतिशतसम्म राखेको पाइयो । यसका केही उदाहरण देहाय अनुसार छन्:

| योजनाको नाम | कूल रोड वे एक्साभेशनपरिमाण (घ.मी.) | माटो, चट्टान अनुपात (प्रतिशत) | | | एक्साभेशन दर रु. (प्रति घ.मी.) | | |
|---|---|---|---|---|---|---|---|
| | | नरम माटो | कडा माटो | मध्यम चट्टान | नरम माटो | कडा माटो | मध्यम चट्टान |
| बाँफे फोक्सिङ्ग हुँदै ल्याङ्गद्राङ्ग पर्यटकीय सडक | ६६३७ | - | ८० | २० | - | ९६/०४ | ३२२/९० |
| सिन्धुलीगढी-बसेरी-सिस्नेरी कृषि सडक | ६३८३ | ३५ | ६० | ५ | ६५/८२ | ९७/३६ | ३२७/३३ |
| खाग्रेटार-बेल्टार-सुब्बेनी-मच्छेनी सडक | १२४२१ | ३५ | ५० | १५ | ६५/८२ | ९७/३६ | ३२७/३३ |
| स्वाँरा-सातधारा-गुराँसे सडक | ९७२५ | ३० | ५० | २० | ६५/८२ | ९७/३६ | ३२७/३३ |
| झोलुंगेपुलबाट तल्लो गाउँ-रुचानी जोड्ने सडक | १९७१ | १० | ४८ | ४२ | ६५/८२ | ९७/३६ | ३२७/३३ |

३३. **क्रस सेक्सन ड्रइङ्ग नराखेको –**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । सडक निर्माण योजनाहरुमा रोड वे एक्साभेशनको क्रस सेक्शन एरिया र चेनेज लेन्थको आधारमा एक्साभेशन परिमाण निर्धारण गर्दा क्रस सेक्शन ड्रइङ्गको आधारमा गर्नुपर्नेमा कार्यालयले सो बेगरै एक्साभेशन परिमाण निर्धारण गर्ने गरेको पाइयो । यसका केही उदाहरण देहाय अनुसार छन् :-

| योजनाको नाम | रोड वे एक्साभेशन परिमाण (घ.मी.) | भुक्तानी रकम |
|---|---|---|
| बाँफे फोक्सिङ्ग हुँदै ल्याङ्गद्राङ्ग पर्यटकीय सडक | ६६३७ | १०,००,०००/- |
| सिन्धुलीगढी-बसेरी-सिस्नेरी कृषि सडक | ६३८३ | ५,००,०००/- |
| खाग्रेदमार-बेल्टार-सुब्बेनी-मच्छेनी सडक | १२४२१ | १२,००,०००/- |
| स्वाँरा-सातधारा-गुराँसे सडक | ९७२५ | १२,००,०००/- |
| झोलुंगे पुलबाट तल्लो गाउँ-रुचानी जोड्ने सडक | १९७१ | ३,००,०००/- |

३४. **अमानतबाट कार्य–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम९८ मासार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने, त्यस्तो रकम रु. १ लाखभन्दा बढी हुन नहुने र अमानतबाट काम गर्नुपर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामग्री सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम लगाउनुपर्ने व्यवस्था छ ।

यस नगर कार्यपालिकाको कार्यालयले वडा कार्यालयहरु मार्फत् विभिन्न सडक आयोजनाहरुको मर्मत तथा ग्राभेलिङ्गको कार्य अमानतबाट गराई निर्माण सामग्री तथा ज्याला वापतको रकम कर्मचारीलाई भुक्तानी गर्ने गरेको पाइयो । यस सम्बन्धमा छलफल गर्दा कार्यपालिकाको निर्णयानुसार कार्य गराएको जवाफ प्राप्त भएको भए तापनि कार्यपालिकाको मिति २०७५।६।१२ को निर्णयमा वडा तहबाटै गर्ने भनी उल्लेख भएको र त्यसरी अमानतबाट कार्य गराउने सम्बन्धमा उल्लेख भएको देखिँदैन । तर कार्यालयले वडा कार्यालयका कर्मचारी मार्फत् रु. ५० हजार देखि १ लाख ५० हजारसम्मको कार्य पटक पटक अमानतबाट गराएको पाइयो । त्यस्तो कार्यको प्रभावकारी अनुगमन तथा गुणस्तर नियन्त्रणको कार्यमूलक संयन्त्र समेत रहेको नपाइएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने देखिएको छ । यसरी अमानतबाट कार्य गराएका केही उदाहरण देहाय अनुसार छन् :–

| भौ.नं./मिति | योजनाको नाम | वडा नं | खर्च रकम |
|---|---|---|---|
| ११-०७५/६/१८ | विभिन्न स्थानमा सडक मर्मत | ५ | १००,०००/- |

| | | | |
|---|---|---|---|
| १७-०७५/६/२६ | विभिन्न स्थानमा सडक मर्मत | १३ | ५०,०००/- |
| १८-०७५/६/२६ | विभिन्न स्थानमा सडक मर्मत | ७ | ५०,०००/- |
| १९-०७५/६/२६ | खैरेनी–बेलटार सडक मर्मत | ७ | १००,०००/- |
| २०-०७५/६/२६ | फिटिङ्ग–सिरुडाँडा सडक मर्मत | ११ | ८०,०००/- |
| २०-०७५/६/२६ | भालुखोला–छतीवन सडक मर्मत | ११ | ७०,०००/- |
| २१-०७५/६/२६ | विभिन्न स्थानमा सडक मर्मत | ५ | ७०,०००/- |
| २२-०७५/६/२६ | विभिन्न स्थानमा सडक मर्मत | १४ | ५०,०००/- |
| २३-०७५/६/२६ | विभिन्न स्थानमा सडक मर्मत | ५ | ८०,०००/- |
| २७-०७५/६/२८ | विभिन्न स्थानमा सडक मर्मत | १ | १५०,०००/- |
| ४१-०७५/७/११ | विभिन्न स्थानमा सडक मर्मत | ९ | ५०,०००/- |
| ४३-०७५/७/२७ | विभिन्न स्थानमा सडक मर्मत | २ | ५०,६००/- |
| ४४-०७५/७/२७ | विभिन्न स्थानमा सडक मर्मत | ३ | ५०,०००/- |
| ४५-०७५/७/२८ | विभिन्न स्थानमा सडक मर्मत | ४ | ५०,०००/- |
| ४६-०७५/७/२८ | विभिन्न स्थानमा सडक मर्मत | ४ | १००,०००/- |
| ५२-०७५/८/०६ | विभिन्न स्थानमा सडक मर्मत | १० | १००,०००/- |
| ५४-०७५/८/१२ | विभिन्न स्थानमा सडक मर्मत | ८ | १५०,०००/- |
| ५९-०७५/८/१७ | विभिन्न स्थानमा सडक मर्मत | १२ | ७०,०००/- |
| ६०-०७५/८/१७ | विभिन्न स्थानमा सडक मर्मत | १२ | ८०,०००/- |
| ८१-०७५/९/११ | विभिन्न स्थानमा सडक मर्मत | ७ | १००,०००/- |
| | | **जम्मा** | **०/-** |

| | | |
|---|---|---|
| ३५. | **मू.अ.कर कट्टी नगरेको –** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को (२१ औं संशोधन-२०७६।२।१५) को नियम ६ग (१) मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ, संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मू.अ.कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने मू.अ.कर वापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका फर्महरुलाई निम्न वस्तु, सेवा तथा कार्यको लागि भुक्तानी गर्दा उक्त व्यवस्था अनुसार ५० प्रतिशतले हुन आउने रकम कट्टी नगरी मू.अ.कर वापतको पुरै रकम भुक्तानी गरेको पाइकोले देहाय अनुसार हुने मू.अ. करसमायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | १,११६.४६/- |

| भौ.नं./मिति | कार्य विवरण | फर्मको नाम | भुक्तानी भएको मू.अ.कर | ५० प्रतिशतले हुने रु. |
|---|---|---|---|---|
| ३९०-०७६/३/०६ | पानीटंकी–गडौली सडक कालोपत्रे | गौरी शंकर इण्टरनेशनल निर्माण सेवा | २८१२४९ | २४०,६२५/- |
| ६००-०७६/३/३१ | | | ३४०२४४ | १७०,१२२/- |
| ४१५-०७६/३/१० | ढुङ्ग्रेवास–मल्लागाउँ सडक कालोपत्रे | पाखिन/सलाम जे.भी. | ६१८,०५७ | ३०९,०२८/- |
| ५९९-०७६/३/३१ | | | १५८,८२० | ९२,९१०/- |
| ५९५-०७६/३/३० | ढुङ्ग्रेवास–मल्लागाउँ सडक शाखा मार्गमा ह्युमपाइप कल्भर्ट निर्माण | पाखिन/सलाम जे.भी. | ५२,२५६ | २६,१२८/- |
| ५९६-०७६/३/३० | ढुङ्ग्रेवास–मल्लागाउँ सडक शाखा मार्ग निर्माण सुधार | पाखिन/सलाम जे.भी. | ५७,३४४ | २८,६७२/- |
| ५६१-०७६/३/२५ | पानीटंकी–गडौली सडक शाखा मार्ग ढलान | जय दुर्गे निर्माण सेवा | ५५,९४१ | २७,९७०/- |
| ५६२-०७६/३/२५ | पानीटंकी–गडौली सडक शाखा मार्ग ढलान | मानदेव निर्माण सेवा | ५७,१७५ | २८,५८८/- |
| ५६६-०७६/३/२५ | सक्शन ट्यांकर आपूर्ति | सान्यो इण्टरनेशनल प्रा.लि. | ४२३,८०० | २११९००/- |
| ५०५-०७६/३/२४ | सिन्धुलीमाडी बसपार्क निर्माण | श्रीजल निर्माण सेवा | १४,७३२ | ७,३६६/- |
| ५३०-०७६/३/२५ | सौर्य सडक बत्ती तथा सि.सी. क्यामेरा जडान | हाइब्रिड लाइटिङ्ग एण्ड सिटी सर्भिलेन्स सिष्टम | ९४५१०/- | ४७,२५५/- |
| ४३१-२०७६/३/१२ | कार्यालय कार्यकक्ष पार्टेशन | सिन्धुलीगढी निर्माण सेवा | २७९७२ | १३९८६/- |
| ४४४-२०७६/३/१३ | ट्राफिकचोक ओरोलो सडक ढलान | डि.वि. कन्स्ट्रक्सन | ४६४५० | २३२२५/- |
| ४६५-२०७६/३/१७ | ल्याण्डफिलसाइटमा खोल्सी डाइभर्सन | सागर निर्माण सेवा | ५५८०० | २७९००/- |
| ४७७-२०७६/३/२२ | नगरपालिकामा ब्याट्री राख्ने च्याम्बर निर्माण | सृजना निर्माण सेवा | ५५६४८ | २७८२४/- |
| ५२२-२०७६/३/२४ | विद्युतीय सामग्री खरिद | सिस्टम इनर्जी प्रा.लि. | १४७५२९ | ७३७६४/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | जम्मा | ०/- |

३६. **कर बिजक बेगर मू. अ. कर भुक्तानी –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा दर्ता नभएको व्यक्ति वा फर्मले मू.अ.कर उठाउन वा असूल गर्न नमिल्ने व्यवस्था छ । उपभोक्ता संस्थाहरु गैर नाफामूलक संस्था भएका र मू.अ.करमा दर्ता पनि नहुने हुनाले मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कारोबार भएको बिजक बेगर कानुनतः त्यस्ता संस्थालाई मू.अ.कर भुक्तानी दिन मिल्ने देखिंदैन । कार्यालयले निम्नलिखित योजनाको लागत अनुमान तयार गर्दा फलामे डण्डी तथा ग्याबियन बक्सको स्वीकृत जिल्ला दरमा मूल्य अभिवृद्धि कर थप गरी लागत अनुमान दर निर्धारण गरेको र सोही दरमा सम्झौता गरी उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर समेत भुक्तानी भएको छ। उपभोक्ता समितिले मू.अ.कर दर्तावाला फर्मसँग उक्त सामग्री खरिद गरेकोमा मू.अ. कर बिजक पेश नगरी भुक्तानी भएको छ। मू.अ.कर थप भुक्तानी हुने नन लोकल सामग्री खरिद गरेको मू.अ.कर बिजक लिएर मात्र भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ ।

| भौ.नं./मिति | योजनाको नाम | विवरण | परिमाण | दर ( मू.अ.कर सहित) | मू.अ.कर रकम |
|---|---|---|---|---|---|
| ४९-०७५/८/३ | चुहार–देवीस्थान सडक स्तरोन्नति | ग्याबियन बक्स (३*१*१) | ९ थान | ४८२५/१० | ४९६६ |
| | | फलामे डण्डी | १२९के.जी. | ११३/- | १६७७ |
| ३६-०७५/७/१५ | हाबेदण्डी–बेलगाछी सडक स्तरोन्नति | ग्याबियन बक्स (३*१*१) | १० थान | ४८२५/१० | ५११८ |
| | | | | जम्मा | ११७६१/- |

३७. भौ.नं. २६६-०७६/१/१३, ५०५-०७६/३/२४

**बसपार्क निर्माण, प्याकेज–१ र २ (ठेक्का नं. ०२ र ७ –०७५/७६)**

सिन्धुलीमाडी स्थित बसपार्कमा आर.सि.सी. ढलानकार्य गर्न यस वर्षरु.१,७२,९१,९५४/-(मू.अ.कर बाहेक) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार दाखिला हुन आएका २२ बोलपत्रमध्ये घटी अंक रु.१०२,६२,८३६/-(४०.६५ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी **श्री श्रीजल निर्माण सेवा**सँग उक्त कार्य७ महिनाभित्र सम्पन्न गर्ने गरी मिति २०७५/७/२६ मा सम्झौता भईनिर्माण व्यवसायीलाई यस वर्ष पहिलोदेखि चौथौ तथा अन्तिम बिलसम्म रु. १०२,६२,८३६/-(मू.अ.कर बाहेक) भुक्तानी भएको देखिन्छ ।

त्यस्तै पहिलो प्याकेजमा ठेक्का प्रतिस्पर्धा मार्फत् वचत भएको रकमबाट बसपार्कको बाँकी क्षेत्रमा ढलान गर्नको लागि यसै वर्ष रु. ६५,२८,४५९।– को (मू.अ.कर बाहेक) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार दाखिला हुन आएका बोलपत्रमध्ये घटी अंक रु.३७,५३,८५७/-(४२.५० प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी **श्री श्रीजल निर्माण सेवा**सँग उक्त कार्य२०७६।३।२० भित्र सम्पन्न गर्ने गरी मिति २०७६/१/०३ मा सम्झौता भईनिर्माण व्यवसायीलाई यस वर्ष पहिलो देखि तेस्रो तथा अन्तिम बिलसम्म वटा बिलबाट रु. ३६,९०,१३९/-(मू.अ.कर बाहेक)भुक्तानी भएको देखिन्छ ।यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन् :–

३७.१. **त्रुटिपूर्ण लागत अनुमान–**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स तथा दररेट निर्धारण समितिले निर्धारण गरेको निर्माण सामग्री र ज्यालाको दर रेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन् :–

**(क) फरक दर राखी लागत लागत अनुमान –**स्वीकृत दर विश्लेषण अनुसार आर.सी.सी. ढलानको लागि फलामे डण्डीको सप्लाई, कटिङ्ग, बेण्डिङ्ग तथा प्लेसिङ्ग सहितको दर प्रति के.जी. रु. ११७।९३ (ओभरहेड सहित) रहेकोमा लागत अनुमान तयार गर्दा प्रति के.जी. रु. १२९।२८ राखी प्रति के.जी. रु. १२।७५ बढी राखेको कारणबाट बसपार्क ढलान कार्यको पहिलो र दोस्रो प्याकेजको लागत अनुमान कार्यमा रु. १२,८१,०८२/- थप लागत समावेश भएको छ :–

| विवरण | पहिलो प्याकेजको परिमाण (के.जी.) | दोस्रो प्याकेजको परिमाण (के.जी.) | जम्मा परिमाण ( के.जी.) | प्रति के.जी. थप दर रु. | थप लागत रु. |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| फलामे डण्डी | ७३४७६ | २७००१ | १००,४७७ | १२/७५ | १२,८१,०८२/- |

**(ख) फलामे डण्डीको परिमाण गणना –** कार्यालयले विस्तृत लागत अनुमानमा फलामे डण्डीको परिमाण गणना गर्दा कंक्रिट (पि.सी.सी.) परिमाणलाई आधार लिई परिमाण निर्धारण गरेको पाइयो । लागत अनुमानमा परिमाण त्यसरी गणना गरे तापनि उक्त आइटमको भुक्तानी दिने वेलामा साइटमा प्रयोग भएको, बार शेड्यूल अनुसार डण्डीको साइज, संख्या तथा तौल उल्लेख गरी नापी किताबमा यथार्थ परिमाण चढाई भुक्तानी दिनुपर्नेमा लागत अनुमान अनुसारकै एक मुष्ट (Lump Sum) परिमाण राखी भुक्तानी दिएको पाइयो ।

**(ग) थप परिमाण –** कार्यालयले यस योजनामा फलामे डण्डीको परिमाण गणना गर्दा कंक्रिट ( पि.सी.सी.) परिमाणको १.२० प्रतिशतले हुन आउने परिमाणलाई २ ले गुणा गरी (डबल लेयर जाली) परिमाण निर्धारण गरेको पाइयो । यस्तै प्रकृतिको सडक ढलान कार्यमा पि.सी.सी. परिमाणको ०.८० प्रतिशत र सिंगल लेयर राखी परिमाण गणना गरेको पाइयो । यसरी उस्तै प्रकृतिको कार्यमा फरक मापदण्ड अपनाई परिमाण गरी बि.ओ.क्यू. मा समावेश गरेको कारणबाट बसपार्क ढलान कार्यको उल्लिखित २ प्याकेजमा देहाय अनुसार ३३,४८९के.जी. थप फलामे डण्डीको लागत समावेश भएको छ । अतः यसरी उक्त अनुपातमा डण्डीको परिमाण समावेश गर्न मिल्ने आधार तथा पुष्ट्याइँ पेश हुनुपर्दछ ।

| प्याकेज नं. | कंक्रिटको परिमाण ( घ.मी.) | कंक्रिट परिमाणको १.२० प्रतिशतले हुन आउने परिमाण | कंक्रिट परिमाणको ०.८० प्रतिशतले हुन आउने परिमाण ( के.जी.) (डबल लेयरलाई कायमै राखी) | थप परिमाण ( के.जी.) | सम्झौता अनुसारको दर | थप लागत |
|---|---|---|---|---|---|---|
| १ | ३८९.९४ | २*३८९.९४*०.०१२*७८५० = ७३४६५ के.जी. | २*३८९.९४*०.००८*७८५०= ४८९७६ के.जी. | २४४८९ | ८१/- | १९८३,६०९/- |
| २ | १४३.३२ | २*१४३.३२*०.०१२*७८५० = २७००१ के.जी. | २*१४३.३२*०.००८*७८५०= १८००१ के.जी. | ९००० | ७८/- | ४०२,०००/- |
| | | | | ३३,४८९ | **जम्मा रु.** | ० |

**(घ) फरक दरको प्रयोग –** बसपार्क निर्माण कार्यको दोस्रो प्याकेजको लागत अनुमानमा PCC for RCC (1:2:4)कार्यको दर प्रति घ.मी. रु. १२,५८७८८ रहेकोमा पहिलो प्याकेजमा रु. १३,५८७८८ अर्थात् प्रति घ.मी. रु. १०००।- बढी राखेको पाइयो । जसको कारणबाट पहिलो प्याकेजमा ३९० घ.मी. परिमाण रहेको उक्त कार्यको लागत अनुमानमा रु. ३९०,०००।- थप लागत समावेश भएको छ । यसरी उही स्थानमा गरिने एउटै कार्यको दररेट फरक राखी त्रुटिपूर्ण लागत अनुमान तयार गर्ने प्राविधिकलाई जिम्मेवार गराउनुपर्दछ ।

**(ङ) ग्राभेलमा थप लागत –** नगर कार्यपालिकाले मिति २०७५।३।१४ को निर्णयानुसार निर्धारण गरेको निर्माण सामग्रीको दर रेटमा सिन्धुलीमाडी र भिमान बजारलाई केन्द्र मान्ने उल्लेख छ । कार्यालयले यस नगरपालिकाको सिन्धुलीमाडी बजार क्षेत्रमा निर्माण हुने बसपार्क ढलान कार्यको लागत अनुमान सब बेसको लागि प्रयोग प्रयोग हुने ग्राभेलको तोकिएको दरमा ८ कि.मी. को ढुवानी लागत समेत समावेश गरेको पाइयो । निर्माण साइट बजारमै रहेको र दररेट निर्धारण समितिको निर्णयमा पनि यस्तो क्षेत्रमा निर्माण हुने कार्यको लागि थप ढुवानी लागत समावेश गर्न नमिल्ने उल्लेख भएको तथा बजार क्षेत्रको डिपोमै त्यस्ता सामग्री उपलब्ध हुने हुँदा यसरी थप लागत समावेश गर्न मिल्ने देखिँदैन । यसरी ग्राभेलको तोकिएको दरमा ८ कि.मी. को ढुवानी लागत समावेश गर्दा देहाय अनुसार रु. १९१,५००/- थप लागत समावेश भएको छ ।

| विवरण | परिमाण (घ.मी.) | समावेश गरेको ढुवानी लागत (प्रति घ.मी.) | थप लागत रु. |
|---|---|---|---|
| सब-बेस ग्राभेल | १६५२ | ११५/९२ **(ओभरहेड सहित)** | १९१,५००/- |

३७.२. **गुणस्तर परीक्षण–**Standard Specification तथा मापदण्ड अनुसार निर्माण गरिएका संरचनाहरुकोगुणस्तर कायम हुनुपर्दछ ।सार्वजनिक निर्माण कार्यको सम्झौता गर्दा निर्माणव्यवसायीबाट Quality Assurance Plan(QAP)पेशगर्न लगाई गुणस्तर कायम गरी निर्माण कार्य गराउनुपर्नेमा कार्यालयले Bid Document को Technical Specification तथा सम्झौतामा ढलान कार्यमा प्रयोग हुने निर्माण सामग्री तथा कंक्रिटको क्युब टेष्ट गर्ने, गराउने

प्रावधान राखेको नपाइएको तथा कुनै निर्माण सामग्रीको ल्याब टेष्ट रिपोर्ट समेत पेश नभएको अवस्था छ । अतः यस्तो अवस्थामा उक्त निर्माण कार्यको गुणस्तर सम्बन्धमा आश्वस्त हुन सकिने अवस्था छैन ।

३७.३. **बीमा नगराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था रहेको साथै निर्माण व्यवसायीसँग भएको सम्झौताको जि.सी.सी. १४ मा समेत बीमा गराउनुपर्ने व्यवस्था रहेकोमा सो अनुसार बीमा गराएको पाइएन । अतः उक्त निर्माण कार्यका त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गर्ने, गराउने व्यवस्था गरी निर्माणको क्रममा वा निर्माण पश्चात् हुने सम्भावित जोखिम न्यूनीकरण गर्नुपर्दछ ।

३८. भौ.नं. ३९०-०७६/३/०६, ६००-०७६/३/३१

**पानीटंकी–गडौली खोला सडक कालोपत्रे (ठेक्का नं. १० –०७५/७६)**

उक्त सडक योजना अन्तर्गत ५०० मीटर सडक कालोपत्रे (प्रिमिक्स्ड कार्पेटिङ्ग)गर्ने तथा पक्की नाला निर्माण समेतको कार्य गर्न यस वर्षरु. १,७३,०९,२३२/३४ (मू.अ.कर बाहेक) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार दाखिला हुन आएका ९ बोलपत्रमध्ये घटी अंक रु.९१,६९,३२९/४९(४७.०३प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी **श्री गौरी शंकर इण्टरनेशनल निर्माण सेवा**सँग उक्त कार्य २०७६/३/२० भित्र सम्पन्न गर्ने गरी मिति २०७६/१/०८ मा सम्झौता भईनिर्माण व्यवसायीलाई यस वर्ष दास्रो बिलसम्म रु. ७१,४०,६८०/- (मू.अ.कर समेत) भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन् :–

३८.१. **स्वीकृत डिजाइन/लागत अनुमान अनुसार नभएको –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(१) अनुसार निर्माण कार्य गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन, नक्शा, डिजाइन तयार गरी दफा ५क बमोजिम स्वीकृत गर्नुपने र स्वीकृत ड्रइङ्ग, डिजाइन तथा लागत अनुमान अनुसार निर्माण गर्नु, गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छ :

(क) स्वीकृत डिजाइन/लागत अनुमान अनुसार क्यारिज वे को चौडाइ ६ मीटर रहेकोमा कूल ५०० मीटरमध्ये ३०० मीटर खण्डमा ७ मीटर कायम गरी सब बेस र बेस कोर्स गराएको पाइयो । यसरी चौडाइ बढाएको कारणबाट निम्न २ कार्यमा रु. १५८,७००। थ्प व्ययभार परेको १,५८,७००/-
देखिएकोले क्यारिज वे को चौडाइ परिवर्तन गर्नाको कारण तथा आधार पेश हुनुपर्ने रु.

(ख) स्वीकृत डिजाइन/लागत अनुमान अनुसार बेस कोर्सको मोटाइ १० से.मी. रहेकोमा नापी १,०१,५००/-
किताबमा ११ से.मी. राखी सो को कार्य परिमाण गणना गरेकोमा सो को आधार तथा पुष्ट्याइँ संलग्न गरेको पाइएन । यसरी आधार तथा कारण बेगर मोटाइ परिवर्तन गरेको कारण देहाय अनुसार रु. १,०१,५००/- थप व्ययभार परेको देखिएको रु.

यस सम्बन्धमा छलफल हुँदा साइट कण्डिशन अनुसार क्यारिज वे को चौडाइ तथा बेस कार्सको मोटाइ बढाइएको कार्यालयको भनाइ रहेको छ ।

३८.२. **बेस कोर्स गरी छाडेको–**कालोपत्रे कार्य तत्काल गर्ने निश्चित भएपछि मात्र बेस कोर्सको कार्य गराउनुपर्नेमा कार्यालयले आषाढ महिनाको अन्त्यतिर वर्षात् शुरुवात भइसकेपछि योजनाको ५०० मीटर खण्डमा नै बेस कोर्सको कार्य गराई कालोपत्र नगरी छाडेको पाइयो । उक्त कार्यको लागि देहाय अनुसार रु. १०,५२,७००। भुक्तानी भएको छ । यसरी तत्काल कालोपत्रे नहुने अवस्थामा गराइएको बेस कोर्सको दिगोपना तथा सो को गुणस्तर सम्बन्धमा आश्वस्त हुने अवस्था छैन ।

| विबरण | लम्बाई | चौडाई | उचाइ | परिमाण ( घ.मी.) | दर रु. | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| बेस कोर्स | २०० | ६ | ०.११ | १३२ | २९००/- | १०,५२,७००/- |
| बेस कोर्स | ३०० | ७ | ०.११ | २३१ | | |

३८.३. **गुणस्तर आश्वस्तता –**निर्माण व्यवसायीसँग भएको सम्झौताकोGenearl Condition of Contract (GCC) को दफा ४२ मा निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तथा Technial Specification मा निर्माण कार्यको सम्झौता गर्दा निर्माणव्यवसायीबाट Quality

Assurance Plan(QAP)पेशगर्न लगाईसो अनुसार आवश्यक मात्रा तथा संख्या (Volume and Frequncy) मा गुणस्तर परीक्षण गरी निर्माण गरिएका संरचनाहरुकोगुणस्तर कायम गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले निर्माण सामग्रीको गुणस्तर परीक्षणको लागि केही नमूना कठमाडौंस्थित एक निजी प्रयोगशालामा पठाएको देखिए सडक योजना, प्याकेज तथा सम्बन्धित निर्माण व्यवसायी/उपभोक्ता समिति खुल्ने गरी गुणस्तर परीक्षण गराई गुणस्तर परीक्षण प्रतिवेदन लिने गरेको पाइएन । साथै निर्माणव्यवसायीबाट Quality Assurance Plan(QAP)पेश नभएकोले आवश्यक मात्रा तथा संख्यामा गुणस्तर परीक्षण गरीक्षण भएको सम्बन्धमा यकिन गर्न सकिने अवस्था समेत छैन । अतः सडक स्तरोन्नति तथा कालोपत्रे कार्यमा प्रयोग हुने क्रंक्रिट, ग्याबियन तार जाली, बिटुमिन, सब बेस तथा बेस कोर्स एग्रिगेट्स आदिको ल्याब टेष्ट गराई निर्मित संरचनाको अपेक्षित गुणस्तर कायम गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

३८.४. **बीमा नगराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दशलाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था रहेको साथै निर्माण व्यवसायीसँग भएको सम्झौताको जि.सी.सी. १४ मा समेत बीमा गराउनुपर्ने व्यवस्था रहेकोमा सो अनुसार बीमा गराएको पाइएन । उक्त निर्माण कार्यका त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गर्ने, गराउने व्यवस्था गरी निर्माणको क्रममा वा निर्माण पश्चात् हुने सम्भावित जोखिम न्यूनीकरण गर्नुपर्दछ ।

३८.५. **न्यून प्रगति –**उक्तसडक योजना०७६/३/२० भित्र सम्पन्न गर्ने गरी मिति २०७६/१/०८ मा सम्झौता भएकोमा उक्त समयभित्र कार्य सम्पन्न हुन नसकी २०७६।९।२० सम्म म्याद थप भएको देखिन्छ । शुरु सम्झौता अवधिको अन्त्यसम्म करिब ७० प्रतिशत मात्र कार्य भएको देखिन्छ ।

३९. **सोझै खरिद –**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी खरिद गर्न नहने व्यवस्था छ । कार्यालयले ढुंग्रेवास–मल्लागाउँ सडक कालोपत्रे (ठेक्का नं. ९–०७५/७६) र पानीटंकी–गडौली खोला सडक कालोपत्रे (ठेक्का नं. १०–०७५/७६) योजनाको ठेक्का प्रतिस्पर्धाबाट वचत भएको रकमबाट सो सडक योजनाभन्दा अन्यत्र शाखा सडकमा विभिन्न निर्माण कार्य गराएको उल्लेख गरी लागत अनुमानकै हाराहारीमा कार्य गराएको पाइयो । उक्त योजनाहरु नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम बजेटमा परेको समेत नपाइएको र विना प्रतिस्पर्धा खुला दरभाउपत्रका आधारमा कार्य गराएको पाइएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| भौ. नं., मिति | कार्य विवरण | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| ५६१-०७६/३/२५ | शाखा सडक ढलान | जय गोरख दुर्गे निर्माण सेवा | ४८६,२५९/- |
| ५६२-०७६/३/२५ | शाखा सडक मर्मत | मानदेव निर्माण सेवा | ४९६,९८७/- |
| ५९५-०७६/३/३० | खानेपानी पाइपलाइन, ह्युम पाइप आदि | पाख्रिन निर्माण सेवा | ४५४,२३२/- |
| ५९६-०७६/३/३१ | शिक्षक संघ भवन जाने बाटो सुधार | | ४९८,४५३/- |
| | | **जम्मा** | **०/-** |

४०. भौ.नं. ५३९-०७६/३/२५

**लोकतान्त्रिक चोक घेराबारा**

माडी बजारस्थित लोकतान्त्रिक चौरको घेराबारा (वाल तथा फेन्सिङ्ग) कार्य गर्नको लागियस वर्षरु. ५३,७५,५३३/-(मू.अ.कर समेत) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार दाखिला हुन आएका ३ बोलपत्रमध्ये घटी अंक रु.३०,५०,३५९/-(४३.२५प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी **श्री ढकाल कन्स्ट्रक्शन, सिन्धुली**सँग उक्त कार्य २०७६/२/३१भित्र सम्पन्न गर्ने गरी मिति २०७५/११/०२मा सम्झौता भईनिर्माण व्यवसायीलाईरु. ३०,१५,०९६/- (मू.अ.कर समेत) भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन् :–

४०.१ **स्वीकृत डिजाइन/लागत अनुमान नभएको –**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(१) अनुसार निर्माण कार्य गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन, नक्शा, डिजाइन तयार गरी दफा

<table>
<tr><td></td><td>५क बमोजिम स्वीकृत गर्नुपने र स्वीकृत ड्रइङ्ग, डिजाइन तथा लागत अनुमान अनुसार निर्माण गर्नु, गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छ :<br>(क) स्वीकृत डिजाइन/लागत अनुमान अनुसार ३३६ मीटर वाल लगाउनुपर्नेमा संलग्न नापी किताब अनुसार ३१०.६७ मीटर मात्र गराई ठेक्का कार्य फरफारक गरेको पाइयो ।<br>(ख) स्वीकृत डिजाइन/लागत अनुमान अनुसार १.८५ मी. उचाइको आर.सी.सी. मिडिल पिल्लर १०० वटा र ०.७० मी. उचाइको आर.सी.सी. पोष्ट २०० वटा बन्नुपर्नेमा संलग्न नापी किताब अनुसार क्रमशः ९५ र १८२ वटा मात्र बनेको देखिन्छ । पिल्लर तथा पोष्ट संख्या घटे अनुसार पि.सी.सी. फर आर.सी.सी. (१:२:४) को परिमाण घट्नुपर्नेमा बढेको देखिन्छ । पि.सी.सी. (१:२:४) को परिमाण लागत अनुमानमा २२.७५ घ.मी. रहेकोमा २४.३५ घ.मी. को भुक्तानी गरेको पाइयो । निर्मित आर.सी.सी. पोल संख्याको आधारमा पि.सी.सी. (१:२:४) को परिमाण २०.७० घ.मी. मात्र हुने देखिएकोले ३.६५ घ.मी. को रु. थप व्ययभार परेको रु.</td><td>४०,१५०/-</td></tr>
<tr><td>४१.</td><td><u>भौ.नं. ५९१-०७६/३/३०</u><br>सार्वजनिक पार्क स्तरोन्नतिः सिन्धुलीमाडी बजारस्थित सार्वजनिक पार्क स्तरोन्नति कार्यको लागियस वर्षरु. ५९,१०,४३७/-(मू.अ.कर बाहेक) को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार दाखिला हुन आएका ५ बोलपत्रमध्ये घटी अंक रु.३५,४४,४७८/-(४०.०३प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी श्री श्रीकृष्ण/ दाहाल निर्माण सेवासँग उक्त कार्य २०७६/३/२०भित्र सम्पन्न गर्ने गरी मिति २०७६/२/०५मा सम्झौता भई निर्माण व्यवसायीलाई रु. ४०,१३,९५५/- (मू.अ.कर समेत) भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन् :–</td><td></td></tr>
<tr><td>४१.१.</td><td>गुणस्तर आश्वस्तता –निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार यस प्याकेज अन्तर्गत एउटा स्मारक स्तम्भ, वाटर फाउण्टेनको लागि ४ वटा पोखरी समेतको निर्माण भएकोमा निर्माण कार्यमा प्रयोग भएका मार्बल, ग्रेनाइट तथा कंक्रिट र फलामे डण्डीको गुणस्तर परीक्षण प्रतिवेदन पेश नभएकोले निर्मित संरचनाको दिगोपना सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन ।</td><td></td></tr>
<tr><td>४१.२.</td><td>बीमा नगराएको - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था रहेको साथै निर्माण व्यवसायीसँग भएको सम्झौताको जि.सी.सी. १४ मा समेत बीमा गराउनुपर्ने व्यवस्था रहेकोमा सो अनुसार बीमा गराएको पाइएन । अतः उक्त निर्माण कार्यका त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गर्ने, गराउने व्यवस्था गरी निर्माणको क्रममा वा निर्माण पश्चात् हुने सम्भावित जोखिम न्यूनीकरण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१.३.</td><td>पार्क सञ्चालनमा नआएको – पार्क प्याकेज अन्तर्गत स्मारक स्तम्भ, ४ वटा वाटर फाउण्टेन पोखरी तथा सोमा आवश्यक उपकरण जडान भएकोमा हाल (२०७६ माघ मसान्त) सम्म फाउण्टेन पोखरीमा पानी भर्ने, फाउण्टेन चलाउने कार्य गरी पार्क सञ्चालनमा ल्याउने कार्य भएको पाइएन ।</td><td></td></tr>
<tr><td>४१.४.</td><td><u>भौ.नं.  ५९०-०७६/३/३०</u><br>जडान नभएको – ठेक्का कार्यको बि.ओ.क्यू. मा ४ वटा वाटर फाउण्टेन पोखरीमा रेलिङ्ग कार्य छुट भएको भनी रु. ४८५,३६२।- को लागत अनुमान तयार गरी उक्त कार्य सोझै खरिद विधिबाट गर्न श्री रविना निर्माण सेवासँग रु. ४८५,०९२।- मा सम्झौता गरेको पाइयो । ४ वटा पोखरीको डिलमा 5*20 mm size को मेटल ग्रिल जडान गर्ने उल्लेख भएकोमा उक्त स्थानको स्थलगत निरीक्षण गर्दा उक्त कार्य भएको पाइएन । यसरी सम्बन्धित साइटमा जडान नै नभएको आइटम नापी किताब तथा बिलमा समावेश गरी भुक्तानी गरेको पाइएकाले देहाय अनुसारको भुक्तानी रु. १७९,८८८।- नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>आइटम नं.</th><th>उपकरण विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा रकम</th></tr>
<tr><td>८</td><td>5*20 mm Metal Grill</td><td>५१ व.मी.</td><td>३१५०/-</td><td>१६०,६५०/-</td></tr>
<tr><td>९</td><td>M.S. Black Pipe (1.5")</td><td>११५.२० के.जी.</td><td>१६७/-</td><td>१९,२३८/४०</td></tr>
</table></td><td>१,७९,८८८/-</td></tr>
</table>

| | | |
|---|---|---|
| | **जम्मा** \| **१,७९,८८८/-** | |
| ४२. | <u>२४०-०७५/१२/३०, ३३१-०७५/२/८</u><br>**ट्राफिक आइल्याण्ड तथा जुनारको प्रतिमा निर्माण** – नगर कार्यपालिका कार्यालय अगाडि चोकमा ट्राफिक आइल्याण्ड तथा सोमाथि ३ वटा जुनारको प्रतिमा निर्माणको लागि कार्यालयले यस वर्ष जम्मा रु. ९,७४,८२४।- खर्च गरेको पाइयो । कार्यपालिकाबाट २०७५।४।१४ मा स्वीकृत नगर दररेट पुस्तिकामा कलाकृतिका सम्बन्धमा पुरातत्व विभागसँग दररेट माग गर्ने उल्लेख भएकोमा पुरातत्व विभागसँग कुनै समन्वय नै नगरी कार्यपालिकाको निर्णय विपरित विधिबाट खरिद कार्य गरेको छ ।<br>उक्त जुनारको प्रतिमा निर्माण/खरिदका लागि ३ वटा फर्मससँग प्रस्ताव तथा दररेट माग गरी सोमध्ये न्यून कबोल गर्ने नवीन स्कपल्चर्स प्रा.लि., बुढानीलकण्ठ, काठमाडौँसँग रु. ५,००,०००।- को सम्झौता गरी भुक्तानी भएको छ । उक्त प्रतिमाको साइज, आकार,गुणस्तर तथा रंगको मापदण्ड निर्धारण एवं सोको दिगोपनाको सम्बन्धमा कुनै वारेण्टी तथा गुणस्तर प्रतिवेदन पेश भएको छैन ।<br>साथै ट्राफिक आइल्याण्ड निर्माणको लागि ३ निर्माण व्यवसायीसँग खुला कोटेशन माग गरी सोझै खरिद विधिबाट खत्री निर्माण सेवा, सिन्धुलीसँग सम्झौता गरी रु. ४,७४,८२४।- भुक्तानी गरेको पाइयो । उक्त निर्माण कार्यको बिल तथा नापी किताबमा Artistic Boutique Like Stance in Column को लागत अनुमान तथा भुक्तानी गर्दा लमसममा रु. ३८,०००।– गरेको पाइयो । उक्त कोलम निर्माणको लागि प्रयोग भएको निर्माण सामग्री तथा श्रम लागत र नाप सहितको विस्तृत लागत अनुमान विश्लेषण तथा नापीकिताब पेश हुनुपर्ने रु. | |
| ४३. | <u>१६९-०७५/७/१९</u><br>**इन्स्पेक्शन रिपोर्ट पेश नभएको** – कार्यालयले सिलबन्दी दरभाउपत्रको माध्यमबाट ल्यापटप तथा डेस्कटप कम्प्युटर खरिद गर्न रु. १९,८४,००४।- को लागत अनुमान तयार गरेकोमा प्राप्त दरभाउपत्रमध्ये न्यून कबोल गर्ने स्टार कम्प्युटर सिष्टम, सिन्धुलीसँग रु. १९,६६,९९१।- (०.८५ प्रतिशत न्यून) को सम्झौता गरेको देखिन्छ । सम्झौता अनुसार ल्यापटप (I5) २ वटा तथा डेस्कटप कम्प्युटर २० थान खरिद गरेकोमा टेक्निकल स्पेसिफिकेशन अनुसारका उपकरण आपूर्ति भए/नभएको सम्बन्धमा सम्बन्धित विज्ञ/प्राविधिकबाट Inspection गरी/गराई सो को प्रतिवेदन संलग्न गरेको पाइएन । अतः टेक्निकल स्पेसिफिकेशन पुरा भए/नभएको सम्बन्धमा आश्वस्त हुन Inspection Report पेश हुनुपर्दछ । | |
| ४४. | **बढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :– | |
| ४४.१. | <u>२५६-०७६/१/१</u><br>**रमिन टारखेत सार्वजनिक इनार निर्माण** उपभोक्ता समितिलाई रु. १ लाख भुक्तानी दिएको बिल, भर्पाई परीक्षण गर्दा संलग्न नापी किताब अनुसार १२ इन्च उचाई र ४२ इन्च व्यासको आर.सी.सी. रिङ्ग २२ वटा प्रयोग भएको देखिन्छ । तर प्राविधिक बिलमा २५ वटा राखी भुक्तानी दिएको पाइएकोले प्रति थान रु. ९६०।५० का दरले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. | २,८८२/- |
| ४४.२. | <u>५६३-०७६/३/२५</u><br>कार्यालयले स्वीकृत गरेको दर विश्लेषण तथा लागत अनुमान अनुसार पि.सी.सी. (१:२:४) फर आर.सि.सी. को दर प्रति घ.मी. रु. १२,२१३।२० रहेको देखिन्छ । कार्यालयले १४ नं. वडा कार्यालय भवन निर्माण उपभोक्ता समितिलाई उक्त कार्यको भुक्तानी दिंदा रु. १४,२१३।२० का दरले भुक्तानी गरेको पाइयो । अतः प्रति घ.मी. रु. २०००।- का दरले बढी भुक्तानी रकम असूल हुनुपर्ने रु. | ११,०००/- |
| ४४.३. | <u>२८८-०७५/२/०२</u><br>**<u>बारी खेतसम्म सिंचाइ योजना</u>**को स्वीकृत लागत अनुमान अनुसार पि.सी.सी. (१:२:४) फर आर.सी.सी. को स्वीकृत दररेट प्रति घ.मी. रु. ११,८१५।५५।- रहेकोमा कार्यालयले उपभोक्ता समितिलाई उक्त कार्यको भुक्तानी दिंदा रु. १२,६१५।५५ (सुपर स्ट्रक्चरको दर) बाट भुक्तानी गरेको पाइयो । अतः प्रति घ.मी. रु. ८००।- का दरले १९.४४ घ. मी. को बढी भुक्तानी रकम असूल हुनुपर्ने रु. | १५,५५२/- |

४४.४. **साविक १७, १८ को सीमादेखि टोकलेसम्म मूल सडक निर्माण** उपभोक्ता समतिलाईरु. १०,००,०००।- भुक्तानी भएकोमा देखिन्छ। उक्त योजनाको स्वीकृत लागत अनुमान/लागत अनुमान अनुसार ड्रेनको चौडाइ १ मी. रहेकोमा नापी किताबमा १.३० मी. राखेको पाइयो । जसको कारणबाट निम्नलिखित आइटममा निम्नानुसार बढी कार्य परिमाण गणना भई बढी भुक्तानी भएको देखिएको रु. — १,११६.४६/-

| विवरण | लम्बाई | थप चौडाई | उचाइ | थप परिमाण (घ.मी.) | दर रु. | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| E/W Excavation | ५३ | ०.३० | ०.६५ | १०.३४ | ४१२/- | ४२६०/- |
| Stone Solling | ५३ | ०.३० | ०.१५ | २.३९ | २४५२/- | ५८६०/- |
| PCC (1:2:4) | ५३ | ०.३० | ०.१० | १.५९ | ११८१५/५५ | १८,७८७/- |
| **जम्मा** | | | | | | **०/-** |

४४.५. <u>३००-०७६/२/०२</u>

सिक्रे सिंचाइ कुलो योजनाको नापी किताब अनुसार ६१ मीटर आर.सी.सी. कुलो निर्माण भएको देखिन्छ तर फर्म वर्कको कार्य परिमाण गणना गर्दा १५२ मी. लम्बाइ राखेको पाइयो । जसका कारण फर्म वर्कमा उपभोक्ता समितिलाई देहाय अनुसार रु. ९२,३७७- बढी भुक्तानी भएको पाइएकोले असूल हुनुपर्ने रु. — ९२,३७७/-

| संख्या | थप लम्बाई | थप चौडाई | थप परिमाण ( व.मी.) | दर रु. | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ४ (2 Wall, 4 Sides) | ९१ | ०.४० | १४५ | ६३४/४६ | ९२,३७७/- |

४४.६. <u>३९६-०७६/३/६</u>

बेलाहा सरकारी टोल सिंचाइ कुलो मर्मत योजना अन्तर्गत बाघखोर खोल्सीको एक्वेडक्टको पि.सी.सी. को कार्य परिमाण गणना गर्दा कुलोको वालको लम्बाइ कुलोको वालको लम्बाइको डबल हुनेमा नापी किताबमा वाल संख्या २ राखी लम्बाइ समेत डबल गरेको पाइएकोले उक्त कार्यको परिमाण देहाय अनुसार ३.३० घ.मी. हुनुपर्नेमा सो को डबल अर्थात् ६.६ घ.मी. भएको पाइएकोले बढी कार्य परिमाणको भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. — ४१,६३१/-

| संख्या | लम्बाई | चौडाई | मोटाइ | थप परिमाण (घ.मी.) | दर रु. | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| २ | ११ | १.०० | ०.१५ | ३.३० | १२६१५/५५ | ४१,६३१/- |

४४.७. मा.वि. चोकदेखि स्याङ्वाटोल हुँदै भञ्ज्याङ्गपोखरी जाने कृषि सडक निर्माण उपभोक्ता समितिलाई Reinforcement work को परिमाणनापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार १७२८.३८ के.जी. चढाएकोमा उपभोक्ता समितिले पेश गरेको बिल, भर्पाईमा जम्मा १३२३.७० के.जी. मात्र खरिद गरेको देखियो । अतः बिल भन्दा बढी भुक्तानी भएको देखिएको ४०४.६८ के.जी. को रु ११३.०३ का दरले हुन आउने रकम रु. ४५,७४१।- सम्बन्धित बाट असुल हुनु पर्ने रु. — ४५,७४१/-

४५. **बढी दरबाट भुक्तानी** –निर्माण कार्यको भुक्तानी गर्दा स्वीकृत दररेट तथा दरविश्लेषणबाट तय भएको दरबाट गर्नुपर्दछ। कार्यालयले नरम माटो, कडा माटो तथा नरम/मध्यम चट्टानको मेशिन एक्साभेशनको लागि दर विश्लेषण गरी तय गरेकोमा कतिपय योजनाका उपभोक्ता समितिलाईको भुक्तानी गर्दा सोभन्दा फरक दर राखी भुक्तानी गरेको पाइयो । अतः स्वीकृत दरभन्दा फरक दरले बढी भुक्तानी भएको देहाय अनुसारको रु. ५२/-सम्बन्धित उपभोक्ता समितिहरुबाट असूल हुनुपर्ने रु. — १,११६.४६/-

| योजनाको नाम | माटोको प्रकार | कटिङ्गको परिमाण ( घ.मी.) | स्वीकृत दर रु. | भुक्तानी भएको दर रु. | फरक दर रु. | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| गढी–बसेरी–सिस्नेरी कृषि सडक | Hard Soil | ३८२९ | ९६/०४ | ९७/३६ | १/३२ | ५०५५ |
| | Soft Soil | २२३४ | ६४/९२ | ६५/८२ | ०/९० | २०१० |
| | M. Rock | ३१९ | ३२२/९० | ३२७/३३ | ४/४३ | १४१३ |
| खाग्रेदमार–बेल्टार–मच्छेनी छेडी सडक | Hard Soil | ४३४७ | ९६/०४ | ९७/३६ | १/३२ | ५७३८ |
| | Soft Soil | ६२१० | ६४/९२ | ६५/८२ | ०/९० | ५५८९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | M. Rock | १८६३ | ३२२/९० | ३२७/३३ | ४/४३ | ८२५३ |
| सिउरानी सडक निर्माण | Hard Soil | ३८२९ | ९६/०४ | ९७/३६ | १/३२ | ५०५४ |
| | Soft Soil | २२३४ | ६४/९२ | ६५/८२ | ०/९० | २०११ |
| | M. Rock | ३१९ | ३२२/९० | ३२७/३३ | ४/४३ | १४१३ |
| चियाबारी–पचभैया सडक स्तरोन्नति | Hard Soil | ३८३१ | ९६/०४ | ९७/३६ | १/३२ | ५०३३ |
| | Soft Soil | २२३४ | ६४/९२ | ६५/८२ | ०/९० | २०११ |
| | M. Rock | ३१९ | ३२२/९० | ३२७/३३ | ४/४३ | १४१३ |
| चिसापानी आदामारा मगरटोल ग्रामीण सडक | Hard Soil | ३८३५ | ९६/०४ | ९७/३६ | १/३२ | ५०६२ |
| | Soft Soil | २२३७ | ६४/९२ | ६५/८२ | ०/९० | २०१३ |
| | M. Rock | ३२० | ३२२/९० | ३२७/३३ | ४/४३ | १४१८ |
| पोखेलगाउँ खहरे शिखरटोल सडक | Hard Soil | ३८३० | ९६/०४ | ९७/३६ | १/३२ | ५०५६ |
| | Soft Soil | २२३४ | ६४/९२ | ६५/८२ | ०/९० | २०११ |
| | M. Rock | ३१९ | ३२२/९० | ३२७/३३ | ४/४३ | १४१३ |
| गढी दरबार चपौली हुँदै मझुवा सडक मर्मत | Soft Soil | १९८० | ६४/९२ | ६५/८२ | ०/९० | १७८२ |
| सिरुबारी अधिकारी टोल राजपानी सडक | Soft Soil | १७९५ | ६७/९२ | ७१/७८ | ६/८६ | १२३१४ |
| शिवालय देउराली ढुंग्रेवास सडक | Soft Soil | १३६८७ | ६४/९२ | ६५/८२ | ०/९० | १२३१८ |
| झोलुंगे पुलबाट तल्लो गाउँ रुचानी सडक | Hard Soil | ९४५ | ९६/०४ | ९७/३६ | १/३२ | १२४७ |
| | M. Rock | ८२८ | ३२२/९० | ३२७/३३ | ४/४३ | ३६६८ |
| तल्लो विजयछाप - कुँडुले गाउँ | Hard Soil | ३८२४ | ९६/०४ | ९७/३६ | १/३२ | ५०४८ |
| | Soft Soil | २२३० | ६४/९२ | ६५/८२ | ०/९० | २००७ |
| | M. Rock | ३१९ | ३२२/९० | ३२७/३३ | ४/४३ | १४१३ |
| स्वाँरा–सातधारा–गुराँसे सडक | Hard Soil | ४८६३ | ९६/०४ | ९७/३६ | १/३२ | ६४१९ |
| | Soft Soil | २९१८ | ६४/९२ | ६५/८२ | ०/९० | २६२६ |
| | M. Rock | १९४५ | ३२२/९० | ३२७/३३ | ४/४३ | ८६१६ |
| १. मडाहा बाटो निर्माण | Soft Soil | ७२७ | ६४/९२ | ६५/८२ | ०/९० | ६५४ |
| | Hard Soil | २२१५ | ९६/०४ | ९७/३६ | १/३२ | २९२४ |
| | M. Rock | ७२७ | ३२२/९० | ३२७/३३ | ४/४३ | ३२२१ |
| २. मरिण सडक देखी दिपक पौडेलको घर हुँदै गौतमटोल जाने सडक | Soft Soil | १५४१ | ६४/९२ | ६५/८२ | ०/९० | १३८७ |
| | Hard Soil | २२३८ | ९६/०४ | ९७/३६ | १/३२ | २९५४ |
| | M. Rock | २८३ | ३२२/९० | ३२७/३३ | ४/४३ | १२५४ |
| ३. भालुखोला प्रतापे सिरुडाँडा सडक चौडा पार्ने | Soft Soil | ३१२३ | ६४/९२ | ६५/८२ | ०/९० | २८११ |
| | Hard Soil | ५३३५ | ९६/०४ | ९७/३६ | १/३२ | ७०४२ |
| | M. Rock | ४४६ | ३२२/९० | ३२७/३३ | ४/४३ | १९९८ |
| ४. देउराली मोटरबाटो | Soft Soil | ७७० | ६४/९२ | ६५/८२ | ०/९० | ६९३ |
| | Hard Soil | ७७० | ९६/०४ | ९७/३६ | १/३२ | १०१६ |
| | | | | | | **१४५३७८/-** |

| | | |
|---|---|---|
| ४६. | <u>३१९-०७६/२/०५</u><br>कल्ले पौरखीटोल खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई विभिन्न साइजका १२१० मीटर पाइप खरिद वापत रु. २००,००।- भुक्तानी गरेकोमा उक्त पाइप सम्बन्धित योजना साइटमा एक्भासेशन तथा लेइङ्ग/ज्वाइण्टिङ्ग गरी जडान भएको देखिएन। अतः खरिद गरिएका पाइप सम्बन्धित योजनामा जडान भएको प्रमाण पेश हुनुपर्ने रु. | २,००,०००/- |
| ४७. | <u>५५०-०७६/३/२५</u><br>इनारपानी बथानचौडी खानेपानी योजनामा जडानको लागि ६३ एम.एम. डायामीटरको पाइप ११८१ मीटर र ५० एम.एम. डायामीटरको पाइप १४०० मीटर समेत जम्मा २५८१ मीटर पाइप खरिदको भुक्तानी दिएकोमा संलग्न नापी किताब अनुसार १४०० मीटर मात्र जडान भएको देखिएकोले बाँकी ११८१ मीटर पाइप जडान भएको प्रमाण पेश हुनुपर्ने रु. | २,४६,८८८/- |
| ४८. | <u>५७१-०७६/३/२५</u><br>नगर क्षेत्रका सामुदायिक विद्यालयहरुमा जडान गर्न भनी आपूर्तिकर्ता फर्म बिजी स्मार्टबाट २२ थान ई-हाजिरी सिष्टम खरिद गरेकोमा उक्त उपकरण सम्बन्धित विद्यालयहरुमा हस्तान्तरण भई जडान भएको नपाइएको रु. | ४,९५,०००/- |

| | | |
|---|---|---|
| ४९. | **अधुरा योजनामा बजेट विनियोजन नभएको –** यस वर्ष अधुरा रहेका आयोजनामा आगामी वर्ष बजेट व्यवस्था गरी पुरा गर्ने प्रयास हुनुपर्ने कार्यालयबाट कतिपय योजनामा सो अनुसार भएको पाइएन । यसका केही उदाहरण देहाय अनुसार छन् :– | |
| ४९.१. | १८१-०७५/११/२१<br>बुद्धनगर–लुकुवा भञ्ज्याङ्ग आयुर्वेदिक रिङ्गरोड स्तरोन्नति सडक योजनामा यस वर्ष रु. ५ लाखको लागतमा १७ मीटर लम्बाइको रिटेनिङ्ग वाल लगाउने कार्य भएकोमा उक्त वाल अधुरो रहेको पाइयो । सडकको लेभलसम्म पुऱ्याउन ६ मीटरको उचाईको वाल लगाउनुपर्नेमा बजेटको न्यूनताले गर्दा २.२० मीटर उचाईसम्म मात्र लगाएर छोडेको पाइयो । उक्त योजनामा चालु वर्ष (२०७६।७७) मा बजेट विनियोजन भएको नपाइएको अधुरो रहेको उक्त वालमा पानी तथा डेब्रिज जम्मा भई भत्किने र सो मा गरिएको लगानी खेर जाने अवस्था रहेको छ । | |
| ४९.२. | २००-०७५/१२/०३<br>घिसिङ्ग टोल–गडौली खोला–ठुलीटार सडक स्तरोन्नति योजनामा यस वर्ष रु. ५ लाखको लागतमा ८.४५ मीटर लम्बाइको रिटेनिङ्ग वाल लगाउने कार्य भएकोमा उक्त वाल अधुरो रहेको पाइयो । सडकको लेभलसम्म पुऱ्याउन ९ मीटरको उचाईको वाल लगाउनुपर्नेमा बजेटको न्यूनताले गर्दा ३.९ मीटर उचाईसम्म मात्र लगाएर छोडेको पाइयो । उक्त योजनामा चालु वर्ष (२०७६।७७)मा बजेट विनियोजन भएको नपाइएको अधुरो रहेको उक्त वालमा पानी तथा डेब्रिज जम्मा भई भत्किने र सो मा गरिएको लगानी खेर जाने अवस्था रहेको छ । | |
| ५०. | **परामर्श सेवामा थप ओभरहेड –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को उपनियम (४) सँग सम्बन्धित अनुसूची १क (परामर्श सेवाको लागत अनुमानको ढाँचा) अनुसार जनशक्तिको पारिश्रमिक, भ्रमण, बसोबास, मालसामान वा उपकरण, तालिम, गोष्ठी छपाई, मसलन्द लगायतको कूल लागत गणना पछि सो को ५ प्रतिशतले हुन आउने रकम व्यवस्थापन खर्च वापत समावेश गर्न पाउने व्यवस्था छ । तर कार्यालयले सडक, पुल, भवन तथा अन्य संरचनाको सर्वे, डि.पि.आर., गुरु योजना, ड्इङ्ग/डिजाइन कार्यको लागत अनुमान तयार गर्दा त्यस्तो खर्च वापत १० प्रतिशत राखेको र सोही आधारमा सम्झौता भई ओभरहेड वापत थप ५ प्रतिशत भुक्तानी भएको छ । अतः नियममा उल्लेख भएभन्दा बढी भुक्तानी भएको देहाय अनुसारको रकम असूल हुनुपर्ने रु. | १,११६.४६/- |

| सर्वे, डि.पि.आर. भएको योजनाको नाम | परामर्शदाताको नाम | भुक्तानी रु. ( मू.अ.कर बाहेक) | ओभरहेड वापतको रकम (१०%) | थप ओभरहेड रु. (५%) |
|---|---|---|---|---|
| भडार दोभानदेखि वडा नं. १३ रुचानी मडाहा सडक वडा नं १४ हुँदै दुधौली सडक | स्लाब कन्सल्ट्याण्ट प्रा.लि. | १५,६५,०००/- | १४२,५२८/- | ७१,२६४ |
| वडा नं. ८ र १० मा विद्युत विस्तार कार्यको डि.पि.आर. | ओम विजनेश हाउस प्रा.लि. | ४३५,०००/- | ३७,८२६/- | १८,९१३ |
| वडा नं. १/२ र७ मा विद्युत विस्तार कार्यको डि.पि.आर. | ओम विजनेश हाउस प्रा.लि. | ४३४,०००/- | ३७,७३९/- | १८,८७० |
| भिमान बजारमा बसपार्क निर्माण गुरुयोजना | | ४९७,४६५/- | ४०,०४६/- | २०,०२३ |
| वडा नं. १० मा पिकनिक स्पटको डि.पि.आर. | सुरज इञ्जिनियरिङ्ग कन्सल्टेण्ट प्रा.लि. | १९४,५६७/- | १५,६२६/- | ७८१३ |
| कमलामाई मन्दिरमा पिकनिक स्पटको डि.पि.आर. | इन आर्क डिजाइन कन्सल्ट | ७०५,५०००/- | ६४,१०८/- | ३२,०५४ |
| ल्याण्डफिल्ड साइट–बेल्टार सडकको डि.पि.आर. | शताब्दी रिसर्च सेण्टर प्रा.लि. | ९९०,०००/- | ८६,०८६/- | ४३,०४३ |
| उर्गेन छोइलिङ्ग गुम्बाको सर्वे | स्वामा इञ्जिनियरिङ्ग तथा रियल स्टेट | ८८,०००/- | ७६५२/- | ३८२६ |
| | | | | **२१५,८०६/-** |

| | | |
|---|---|---|
| ५१. | **पृथ्वीनारायण शाहको शालिक स्थापना –** नगर कार्यपालिका कार्यालयले सिन्धुलीगढीमा रु. २०,००,०००/- लागतमा पृथ्वीनारायण शाहको पूर्ण कदको शालिक स्थापना गरेको छ । नगर कार्यपालिकाको मिति २०७५/८/१८ को बैठकको निर्णयले पृथ्वीनारायण शाहको शालिक निर्माण गर्ने कार्य विशेष प्रकृतिको कार्य भएकाले ठेक्का प्रकृयाबाट शालिक निर्माणको काम गर्दा शालिकमा हुनु तथा देखिनु पर्ने दुरुस्तता तथा गुणस्तर कायम हुन नसक्ने भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ मा भएको व्यवस्था अबलम्बन गरी ३ वटा स्कल्प्चर फर्महरुसँग दरभाउपत्र माग गरी | |

| | | |
|---|---|---|
| | खरिद गर्ने निर्णय गरेको छ । सोही निर्णयलाई आधार मानी शालिक निर्माण कार्यका लागि लागत अनुमान समेत तयार नगरी पेश हुन आएका मध्ये न्यूनतम दरभाउपत्र पेश गर्ने फर्मसँग शालिक निर्माणको कार्य गराएको देखिन्छ । नगरपालिकाको दरभाउ निर्धारण समितिले यो वर्षको दररेट निर्धारण गर्दा ऐतिहासिक कलाकृतिको दररेटका सन्दर्भमा पुरातत्व विभागसँग दररेट माग गर्ने उल्लेख छ । तर उक्त शालिक निर्माण कार्यका लागि पुरातत्व विभागसँग दररेट माग नगरी बिभिन्न ३ वटा फर्महरुसँग दरभाउपत्र माग गरेकोमा पदमनाथ मुर्ति तथा हस्तकला धनगढी, शिवशक्ति ह्याण्डिक्राफ्ट स्क्लुपचर इण्डस्ट्री, नवलपरासी र नवीन स्क्लुपचर प्रा.लि. बुढानीलकण्ठले दरभाउ पत्र पेश गरेका छन् । सो मध्ये नवीन स्क्लुपचर प्रा.लि. बुढानिलकण्ठसँग २०७५/१०/५ मा रु.२०,००,०००/- को खरिद सम्झौता गरी ६.५ फिट अग्लो शालिक निर्माण गरेको छ । शालिक निर्माण वापत प्रथम किस्ता वापत रु. ६,००,०००/-, दोश्रो किस्ता रु. ८,००,०००/- र अन्तिम किस्ता रु. ६,००,०००/- गरी जम्मा रु. २०,००,०००/- भुक्तानी भएको छ । पुरातत्व विभागसँग उक्त शालिक निर्माणका लागि दररेट माग नगरेका कारण शालिक निर्माणको यथार्थ लागत यकिन गर्न सकिएन साथै निर्माण भएको शालिकको गुणस्तर परीक्षण समेत भएको नदेखिएकाले निर्मित शालिकको गुणस्तर तथा दिगोपना सम्बन्धमा समेत यकिन हुन सकेन । | |
| ५२. | <u>३८८-०७५/३/०१</u><br>**विद्युत महशूलमा थप दस्तुर –** कार्यालयले सडक बत्तीको वक्यौता महशूल वापत २ पटक गरी रु. ९,१९,५०६।- भुक्तानी गरेकोमा उक्त रकमध्ये रु. १,२५,३९८।- थप दस्तुर (जरिवाना) रहेको पाइयो । यस्तो महशूल समयमै भुक्तानी गरी रिबेट समेत लिन सकिने व्यवस्था रहेकोमा समयमा भुक्तानी नगरी जरिवाना तिर्ने अवस्था सिर्जना हुँदा कार्यालयलाई थप व्ययभार पारेको देखिएको रु. | १,२५,३९८/- |
| ५३. | **सफ्टवेयर खरिद –** सफ्टवेयर वा कुनै नयाँ प्रविधिमा लगानी गर्दा सो को उचित प्रतिफल प्राप्त हुने तथा कार्यालयको कार्य सम्पादनमा कार्यदक्षता र सहजता प्राप्त हुने गरी गरिनुपर्दछ । यस वर्ष कार्यालयले निम्नलिखित सफ्टवेयर खरिद गरेको उक्त सफ्टवेयर पूर्ण रुपमा कार्यान्वयनमा ल्याएको पाइएन । अतः खरिद गरिएका सफ्टवेयर पूर्ण रुपमा कार्यान्वयनमा ल्याउनुपर्दछ । | |

| भौ.नं./मिति | सफ्टवेयरको किसिम | परामर्शदाताको नाम | खर्च रकम रु. | व्यहोरा |
|---|---|---|---|---|
| ४९२-०७५/१२/०७, ६७०१०७६/२/१६ | नगर क्षेत्रको सामाजिक आर्थिक तथ्यांक प्रविष्टि | एजुकेशन जोन प्रा.लि. | ४,९७,२००/- | तथ्यांक प्रविष्टि भएको तर सफ्टवेयर पूर्ण रुपमा कार्यान्वयनमा नआएको |
| ४९१-०७५/१२/०७, ६७०-०७६/२/१६ | नगर क्षेत्रको सामाजिक आर्थिक तथ्यांक संकलन तथा विश्लेषण | एजुकेशन जोन प्रा.लि. | ४,८५,९००/- | |
| **जम्मा** | | | ०/- | |

| | | |
|---|---|---|
| | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (चालु)** | |
| ५४. | **बढी निकासा –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं. १०/२०७५/६/५ बाट ज्ञानमाला प्रा.वि. गौतमटोललाई विद्यालय सहायक, विद्यालय सहयोगी र बाल विकास सहायकको पारिश्रमिक वापत रु. ४७,३००/- निकासा दिनुपर्नेमा रु.१,११३,३६/- निकासा दिएको देखियो । विद्यालयको माग फारम भन्दा बढी निकासा दिएको रकम असुल हुनुपर्ने रु. | ६४,०३६/- |
| | **वित्तीय समानीकरण अनुदान – स्वास्थ्य तर्फ** | |
| ५५. | **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यबिधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुवैको कर्तव्य हुने उल्लेख छ । कार्यालयले मिति २०७५/६/९ मा सिन्धुली अस्पताल सिन्धुलीलाई अस्पताल सेवा सुदृढिकरण वापत रु. ७,१२,५००/- पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट भएको देखिएन । नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्ने रु. | ७,१२,५००/- |
| ५५.१. | त्यसैगरी कार्यालयले खरिदार श्री चक्र बहादुर मगरलाई विविध खर्चका लागि रु. ३०,०००/- पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट भएको देखिएन । नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्ने रु. | ३०,०००/- |
| | **ज्येष्ठ नागरिक सम्मान तथा सामाजिक सुरक्षा** | |

| | | |
|---|---|---|
| ५६. | यस नगरपालिकाले यो वर्ष सामाजिक सुरक्षा भत्ता वापत रु. ११,७३,१८,०००/- खर्च गरेकोमा देखिएका व्यहोरा देहाय अनुसार छन् : | |
| ५६.१. | **बजेट भन्दा बढी पेश्की दिएको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५(७) मा स्थानीय तहले वडा कार्यालयलाई रकम निकासा दिंदा व्यवस्थापन सूचना प्रणाली -एमआइएस) को अनुमानित बजेट प्रतिवेदनका आधारमा दिनुपर्ने उल्लेख छ। कार्यालयले वडा सचिवहरुलाई सामाजिक सुरक्षा वापतको रकम पेश्की दिंदा एम.आइ.एस. को अनुमानित बजेट भन्दा बढी पेश्की दिने गरेको देखियो । कार्यविधिले तोकेको परिधि भित्र रही पेश्की दिनु पर्दछ । | |

| वडा नं. | चौमासिक | बजेट अनुमान रु. | पेश्की दिएको रु. | बढी पेश्की रु. |
|---|---|---|---|---|
| १ | दोश्रो | ६५९८००० | ६६६२००० | ६४००० |
| ३ | प्रथम | २२८०४०० | २३२०००० | ३९६०० |
| ५ | तेश्रो | २६७९६०० | २९०२००० | २२२४०० |
| ९ | प्रथम | २६१९२०० | २६५५००० | ३५८०० |
| १३ | प्रथम | १८०२४०० | १८८०००० | ७७६०० |
| १४ | प्रथम | १५४७६०० | १६८४००० | १३६४०० |

| | | |
|---|---|---|
| ५६.२. | **तोकिएको समयभित्र वितरण नगरेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १६(क) मा स्थानीय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गरिसक्नु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष तोकिएको समयावधि भित्र कुनै पनि चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्न सकेको देखिँदैन । प्रथम चौमासिकको पेश्की असोजको १८ गते, दोश्रो चौमासिकको चैत्र १२ गते र तेश्रो चौमासिकको असार १७ गतेसम्म पेश्की दिएको देखिन्छ । त्यसैगरी पेश्की लिएको रकम समयमा वितरण गरी प्रतिवेदन गरेको समेत देखिँदैन । प्रथम चौमासिक पेश्की चैत्रसम्म, दोश्रो चौमासिक पेश्की असारमा र तेश्रो चौमासिक पेश्की असार मसान्तमा मात्र फछ्र्यौट गर्ने देखिएको छ । सामाजिक सुरक्षा वापतको पेश्की समयमा फछ्र्यौट नगरेको साथै चौमासिक पेश्की समेत तोकिएको समयभित्र नलिएको हुँदा समयमा सामाजिक सुरक्षा भत्ता वितरण गरिएको भन्न सकिने अवस्था रहेन । निर्देशिकाले तोकेको अवधि भित्र चौमासिक भत्ता वितरण गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |

| | | प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेश्रो चौमासिक | |
|---|---|---|---|---|---|---|---|
| वडा नं. | वडा सचिव | पेश्की लिएको मिति | फछ्र्यौट गरेको मिति | पेश्की लिएको मिति | फछ्र्यौट गरेको मिति | पेश्की लिएको मिति | फछ्र्यौट गरेको मिति |
| १ | बैकुण्ठ कार्की | २०७५/०६/१८ | २०७५/१२/०३ | २०७५/१२/०३ | २०७६/०३/१७ | २०७६/०३/१७ | २०७६/०३/३१ |
| २ | मुरहरी श्रेष्ठ | २०७५/०६/१७ | २०७५/११/२८ | २०७५/११/२८ | २०७६/०३/०८ | २०७६/०३/०८ | २०७६/०३/३१ |
| ३ | बिरेन्द्र कुमार देवकोटा | २०७५/०६/१७ | २०७५/११/२८ | २०७५/११/२८ | २०७६/०३/०६ | २०७६/०३/०६ | २०७६/०३/३१ |
| ४ | उद्धव बहादुर थापा | २०७५/०६/१८ | २०७५/१०/२८ | २०७५/११/१३ | २०७६/०३/०१ | २०७६/०३/०१ | २०७६/०३/३० |
| ५ | रमेश राज सुवेदी | २०७५/०६/१८ | २०७५/१२/०३ | २०७५/११/१३ | २०७६/०३/०२ | २०७६/०३/०८ | २०७६/०३/३० |
| ६ | उज्जल विक्रम थापा | २०७५/०६/१५ | २०७५/०९/३० | २०७५/११/१९ | २०७६/०३/०८ | २०७६/०३/०८ | २०७६/०३/३० |
| ७ | खड्ग बहादुर मगर | २०७५/०६/१६ | २०७५/११/२२ | २०७५/११/२२ | २०७६/०३/११ | २०७६/०३/११ | २०७६/०३/३० |
| ८ | चक्र बहादुर मगर | २०७५/०६/१८ | २०७५/११/२२ | २०७५/११/२२ | २०७६/०३/०९ | २०७६/०३/०९ | २०७६/०३/३० |
| ९ | मुकेश तामाङ | २०७५/०६/१८ | २०७५/११/२८ | २०७५/११/२८ | २०७६/०३/०९ | २०७६/०३/०९ | २०७६/०३/३० |
| १० | दान बहादुर रजनमगर | २०७५/०६/१८ | २०७५/११/२२ | २०७५/११/०२ | २०७६/०३/०९ | २०७६/०३/०९ | २०७६/०३/३० |
| ११ | सुवर्ण घिसिङ | २०७५/०६/१८ | २०७५/१२/०३ | २०७५/१२/०३ | २०७६/०३/०८ | २०७६/०३/०८ | २०७६/०३/३० |
| १२ | गुणहरी घिमिरे | २०७५/०६/१७ | २०७५/१२/०३ | २०७५/१२/०३ | २०७६/०३/११ | २०७६/०३/११ | २०७६/०३/३० |
| १३ | सृजना अधिकारी | २०७५/०६/१८ | २०७५/११/१९ | २०७५/११/१९ | २०७६/०३/१० | २०७६/०३/१० | २०७६/०३/३० |
| १४ | अनन्तराज पोखरेल | २०७५/०६/१८ | ११/२१/२०७५ | २०७५/११/२१ | २०७६/०३/०९ | २०७६/०३/०९ | २०७६/०३/३० |

| | | |
|---|---|---|
| ५६.३. | **नगद वितरण –**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २२ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको स्वीकृति बिना हातहातै नगद वितरण गर्न पाइनेछैन भन्ने व्यवस्था गरेको छ। कार्यालयले सामाजिक सुरक्षा भत्ताको रकम वडा सचिवहरुको बैंक खातामा पेश्की पठाई वडा सचिवहरुले हातहातै लाभग्राहीहरुलाई वितरण गरेको देखिन्छ । हातहातै नगद वितरण गरी औंठा छाप लगाएको भरपाईको आधारमा पेश्की फछ्र्यौट गर्ने गरेको छ । कार्यविधिले हातहातै नगद वितरण गर्न नपाइने व्यवस्था गर्दा गर्दै पनि नगद वितरण | |

| | | |
|---|---|---|
| | कार्यमा अनियमितता हुनसक्ने देखिएकाले यथाशिघ्र यस्तो कार्य बन्द गरी लाभग्राहीको बैंक खाता मार्फत मात्र रकम वितरण गर्ने व्यवस्था गर्नु पर्दछ । | |
| ५६.४. | **विवरण अद्यावधिक नगरेको –**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १९ मा केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेबारी सम्बन्धित स्थानीय तहको हुने व्यवस्था छ । यस कार्यालयबाट सामाजिक सुरक्षा वितरण गरिने लाभग्राहीको केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा देखिएको र रकम वितरण भरपाईमा देखिएको विवरण मेल खाएको देखिँदैन । विगत देखी भत्ता रकम वितरण हुँदै आएका तर लगतमा नाम नभएका कतिपय लाभग्राहीलाई रकम वितरण गरेको देखिन्छ । केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा भएको लगतबाट नै रकम वितरण भरपाई तयार पारी सोही बमोजिम मात्र रकम वितरण गर्नु पर्दछ । लगतमा नभएको व्यक्तिको नाम भरपाईमा हुने, भरपाईमा हातले नाम थप्ने जस्ता काम गरेको देखिएकाले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अद्यावधिक छ भन्ने सकिने अवस्था छैन । अनुगमन तथा मूल्याङ्कन समितिले विवरण अद्यावधिक गर्न लगाई सोही विवरण बमाजिम मात्र रकम वितरण गर्ने तर्फ ध्यान जानु पर्दछ । नमूनाका आधारमा सबैभन्दा बढी पेश्की जाने वडा नं. १ र पाँचौ नम्बरमा बढी पेश्की जाने वडा नं. १२ को रकम वितरण भरपाई परीक्षण गर्दा केन्द्रीकृत व्यवस्थापन सूचना प्रणालीमा नाम नभएका तर भरपाईमा नाम भएका केही उदाहरण देहाय अनुसार छन् । | |

| वडा नं. | क्र.सं. | लाभग्राहीको नाम | वर्ग | चौमासिक | रकम |
|---|---|---|---|---|---|
| १ | १ | सुरविर मोक्तान | जेष्ठ नागरिक (अन्य) | प्रथम | ८००० |
| | २ | भक्त कुमारी कामी | जेष्ठ नागरिक (दलित) | प्रथम | ४००० |
| | ३ | आदर्श विश्वकर्मा | दलित बालबालिका | प्रथम | १६०० |
| | ४ | मनहरी तिमिल्सिना | जेष्ठ नागरिक (अन्य) | दोश्रो | ८००० |
| | ५ | पहाडी मनमाया वि.क. | जेष्ठ नागरिक (दलित) | दोश्रो | ४००० |
| | ६ | बुनुमाया हायु | लोपोन्मूख | दोश्रो | ८००० |
| | ७ | रविन नेपाली | दलित बालबालिका | दोश्रो | १६०० |
| १२ | १ | नारन बहादुर आले | अति अशक्त | प्रथम | २४०० |
| | २ | सुनिता विश्वकर्मा | आंशिक अपाङ्ग | प्रथम | २४०० |
| | ३ | आनन्द बहादुर घिमिरे | आंशिक अपाङ्ग | दोश्रो | २४०० |
| | ४ | सुनिता वि.क. | आंशिक अपाङ्ग | दोश्रो | २४०० |
| | ५ | नारन बहादुर आले | आंशिक अपाङ्ग | दोश्रो | २४०० |
| | ६ | देव बहादुर थापा | पूर्ण अपाङ्ग | दोश्रो | ८००० |
| | ७ | भक्त बहादुर सिंहाली मगर | पूर्ण अपाङ्ग | दोश्रो | ८००० |
| | ८ | भोज बहादुर मगर | पूर्ण अपाङ्ग | दोश्रो | ८००० |
| | ९ | नारन बहादुर आले | पूर्ण अपाङ्ग | दोश्रो | ८००० |

| | | |
|---|---|---|
| ५६.५. | **अनुगमन तथा निरीक्षण नगरेको –**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ८ मा अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था गरेको छ । जस अनुसार सामाजिक सुरक्षा तथा जेष्ठ नागरिक कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण गर्न, स्थानीय स्तरको अनुगमन तथा मूल्याङ्कन समिति बनाई उक्त समितिले यस कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण गर्ने, लाभग्राहीको अभिलेख निरीक्षण गर्ने, लाभग्राहीसँग भेटघाट गरी गुनासो तथा सुझाव संकलन गर्ने, सेवा प्रभावकारी भए नभएको जानकारी हासिल गर्ने, वडा कार्यालयबाट भएका सार्वजनिक सुनुवाईको प्रतिवेदन अध्ययन गरी प्राप्त सुझाव कार्यान्वयनको समिक्षा गर्ने, कार्यक्रम सम्बन्धमा अनियमितता भएको पाइएमा दोषी पहिचान गरी कारवाहीका लागि सिफारिश गर्ने, सही व्यक्तिलाई सही समयमा सही रकम प्रदान भए नभएको बारे अध्ययन गरी गर्नुपर्ने सुधारका विषयमा सुझाव दिने लगायतका काम, कर्तव्य र अधिकार निर्धारण गरेको छ । कार्यालयबाट सामाजिक सुरक्षा वापतको रकम वडा सचिवहरुमार्फत नगदै वितरण गर्ने गरेका कारण वडा सचिवहरुलाई समेत जोखिम भएको भन्ने | |

| | | |
|---|---|---|
| | बारम्बारको गुनासोलाई सम्बोधन नगरेको, कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण हुने नगरेको साथै लाभग्राहीहरुसँग भेटघाट गरी गुनासो तथा सुझाव संकलन गरी सुधारका लागि सुझाव दिने गरेको समेत देखिएन । कानुनले निर्धारण गरेको काम, कर्तव्य अधिकारको सही प्रयोग गरी अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रमलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ । | |
| | **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम** | |
| ५७. | **लागत सहभागिता –**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३ घ) मा निर्माण कार्य वा सेवा सार्वजनिक निकाय र उपभोक्ता समिति वा लाभग्राही समुदायको सहभागितामा सम्पन्न हुने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी यस नगरपाकिाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ७(३) मा कम्तिमा ३० प्रतिशत लागत सहभागिता हुनुपर्ने जसमध्ये १० प्रतिशत नगद र २० प्रतिशत श्रमदान समावेश हुने व्यवस्था गरेको छ । यस कार्यक्रम अन्तर्गत रु. १,००,००,०००/- बजेट विनियोजन भएकोमा जनजागृति मा.वि. भिमानको भवन निर्माणका लागि रु.१५,००,०००/-, सिन्धुली सामुदायिक प्राविधिक शिक्षालय कम्पाउण्ड वाल निर्माणका लागि रु. ५०,००,०००/- र माझिटार बाँसकटेरी गोलन्जोर वैकल्पीक सडकका लागि रु.३५,००,०००/- को कार्यक्रम स्वीकृत गरी रु. १,०२,१५,०००/- खर्च गरेको छ । यी सबै कार्यक्रमहरु उपभोक्ता समिति मार्फत गराएकोमा सिन्धुली सामुदायिक प्राविधिक शिक्षालय कम्पाउण्ड वाल निर्माण र माझिटार बाँसकटेरी गोलनजोर वैकल्पिक सडक निर्माण कार्यमा उपभोक्ता समितिको योगदान नराखी पूरै रकम कार्यालयको बजेटबाट व्यहोरेको देखिन्छ । नियम तथा कार्यविधिले निर्धारण गरेको उपभोक्ता समितिको न्यूनत्तम योगदान समेत नराखी निर्माण कार्य गराउनु उपयुक्त देखिएन । उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा कार्यविधिले निर्धारण गरेको नगद तथा श्रमदानको अनुपातमा लागत सहभागिता राखेर मात्र काम गराउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (पुंजीगत)** | |
| ५८. | **बढी भुक्तानी –**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं. १५ मिति २०६७/३/३० बाट कृषि उपज बजार व्यवस्थापन समितिलाई भवन निर्माण कार्यको बिल भुक्तानी दिँदा कन्टिन्जेन्सी रकम रु. ३४,८४७/- समेत भुक्तानी गरेको देखिन्छ । नियमानुसार कट्टा गर्नुपर्ने कन्टिन्जेन्सी रकम समेत उपभोक्ता समितिलाई भुक्तानी भएकाले उक्त रकम असुल गर्नुपर्ने रु. | ३४,८४७/- |
| | **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (पुंजीगत)** | |
| ५९. | **बढी दरबाट भुक्तानी :** निर्माण कार्यको भुक्तानी गर्दा स्वीकृत दररेट तथा दरविश्लेषणबाट तय भएको दर अनुसार गर्नुपर्दछ । कार्यालयले नरम माटो, कडा माटो तथा नरम/मध्यम चट्टानको मेशिन एक्साभेशनको लागि दर विश्लेषण गरी तय गरेकोमा कतिपय योजनाका उपभोक्ता समितिलाईको भुक्तानी गर्दा सोभन्दा फरक दर राखी भुक्तानी गरेको पाइयो । अतः स्वीकृत दरभन्दा फरक दरले बढी भुक्तानी भएको देहाय अनुसारको रु.२,७०,१२६/- असूल हुनुपर्ने रु. | २,७०,१२६/- |

| भौ.नं./मिति | योजनाको नाम | माटोको प्रकार | कटिङ्गको परिमाण (घ.मी.) | स्वीकृत दर रु. | भुक्तानी भएको दर रु. | फरक दर रु. | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ४०/०७६/३/२४ | १. माइस्थान करकरे रुचानी गागनी सडक | नरम माटो | २९८४३ | ६४/९२ | ६५/८२ | ०/९० | २६८५८ |
| | | कडा माटो | १३७७३ | ९६/०४ | ९७/३६ | १/३२ | १८१८० |
| | | नरम चट्टान | २२९६ | ३२२/९० | ३२७/३३ | ४/४३ | १०१६८ |
| | | | | | | **जम्मा** | **५५२०६** |
| २६/०७६/२/६ | २. धप्सार क.न.पा.१ हुँदै मरिण २ जोडने सडक | नरम माटो | ५९२८ | ६४/९२ | ६५/८२ | ०/९० | ५३३५ |
| | | कडा माटो | १८११० | ९६/०४ | ९७/३६ | १/३२ | २३९०५ |
| | | नरम चट्टान | ५९२८ | ३२२/९० | ३२७/३३ | ४/४३ | २६२६१ |
| | | | | | | **जम्मा** | **१६५९१३** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४२/०७६/३/२५ | ३. माइस्थान दुधौली २ भलुवाइसम्मको बाटो | नरम माटो | ११२८७ | ६४/९२ | ६५/८२ | ०/९० | १०१५८ |
| | | कडा माटो | २०५२१ | ९६/०४ | ९७/३६ | १/३२ | २७०८७ |
| | | नरम चट्टान | २३९४ | ३२२/९० | ३२७/३३ | ४/४३ | १०६०५ |
| | | | | | | **जम्मा** | **३७९६७६** |
| २५/०७६/२/५ | ४. सोला भञ्ज्याङ्ग नारुफेदी खुर्कोट सडक | नरम माटो | ७९६९ | ६४/९२ | ६५/८२ | ०/९० | ७१७२ |
| | | कडा माटो | १५९३९ | ९६/०४ | ९७/३६ | १/३२ | २१०३९ |
| | | नरम चट्टान | २६५६ | ३२२/९० | ३२७/३३ | ४/४३ | ११७६६ |
| | | | | | | **जम्मा** | **७९९३२९** |
| ४३/०७६/३/२५ | ५. आँचचौरबाट हरिहरपुरगढी जोडने सडक | नरम माटो | २९०७ | ६४/९२ | ६५/८२ | ०/९० | २६१६ |
| | | कडा माटो | ११९८७ | ९६/०४ | ९७/३६ | १/३२ | १४७६७ |
| | | नरम चट्टान | ७२७ | ३२२/९० | ३२७/३३ | ४/४३ | ३२२१ |
| | | | | | | **जम्मा** | **१६१९२६२** |
| ४१/०७६/३/२५ | ६. जलकन्या का.वि. फिल्ड निर्माण | नरम माटो | २२९६८ | ६४/९२ | ६५/८२ | ०/९० | २०६७१ |
| | | कडा माटो | २२९६८ | ९६/०४ | ९७/३६ | १/३२ | ३०३१७ |
| | | | | | | **जम्मा** | **३२८९५१२** |
| | | | | | | **कुल जम्मा** | **२,७०,१२६/-** |

**नगरपालिका चालु (समानीकरण अनुदान र आन्तरिक स्रोत) तर्फ**

६०. **थप महंगी भत्ता भुक्तानी –** निजामति सेवा ऐन, २०४९ को दफा ३२(१) मा निजामती कर्मचारीले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाइने व्यवस्था छ । नगरपालीकाले २०७५ को असोज महिनाको तलब भत्ता र चाडपर्व खर्च भुक्तानी गर्दा चाडपर्व खर्चमा महंगी भत्ता रु. २,०००/- समेतथप गरी भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको महंगी भत्ता रकम असुल हुनुपर्ने रु. १२,०००/-

| **सि.नं.** | **पद** | **कर्मचारीको नाम** | **महंगी भत्ता** |
|---|---|---|---|
| १. | ना.सु. | श्री सरस्वती ढुंगेल खतिवडा | २,०००.०० |
| २. | लेखपाल | श्री पुरुषोत्तम बराल | २,०००.०० |
| ३. | ना.सु. | श्री रमेशराज सुवेदी | २,०००.०० |
| ४. | ना.सु. | श्री विष्णु प्रसाद भण्डारी | २,०००.०० |
| ५. | खरिदार | श्री बसन्ता धिमिरे | २,०००.०० |
| ६. | का.स. पाँचौ स्तर | श्री भिम बहादुर तामाङ्ग | २,०००.०० |
| | | **जम्मा** | **१२,०००/-** |

६१. **पदाधिकारी सुविधा –** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (वागमती प्रदेश) अनुसार नगरकार्यपालिका सदस्यहरुलाई मासिक रु.७,०००/- का दरले मासिक भत्ता उपलब्ध गराएको र मिति २०७५/०९/१९ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रानुसार माघ महिनादेखी आषाढ मसान्त सम्म मासिक रु. ११,०००/- दरले यस वर्ष देहाय अनुसार रु.९४,१४,०००/- भुक्तानी गरेको पाइयो ।

| **क.स.** | **पद** | **भुक्तानी रकम** |
|---|---|---|
| १ | नगर प्रमुख | ४,४४,०००.०० |
| २ | नगर उप-प्रमुख | ३,७८,०००.०० |
| ३ | वडा अध्यक्ष (वडा नं १ देखी १४ सम्म ) | ३६,९६,०००.०० |
| ४ | वडा सदस्य(वडा नं १ देखी १४ सम्म ) | ४०,३२,०००.०० |
| ५ | कार्यपालीका सदस्य | ८,६४,०००.०० |
| | **जम्मा** | **९४,१४,०००.००** |

<table>
<tr><td>६२.</td><td>दर्ता नभएको संस्थालाई मूल्य अभिबृद्धि कर भुक्तानी – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा मुल्य अभिबृद्धी करमा दर्ता नभएको संस्था वा व्यक्तिले मुल्य अभिवृद्धी कर उठाउन वा असुल गर्न नमिल्ने व्यवस्था छ। नगरपालीकाले भौ. नं. २३८ मिति २०७५/८/२१ बाट सिम्पल एडभरटाईजिङ्ग सर्भिस प्रा.लि. लाई सूचना प्रकाशन वापत देहायको बिलको रकम मुल्य अभिवृद्धी कर सहित भुक्तानी गरेको पाइएकोले सो विलको मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>सस्थाको नाम</th><th>बिल नम्बर</th><th>विल रकम</th><th>भ्याट रकम</th></tr>
<tr><td rowspan="3">सिम्पल एडभर्टाइजिङ्ग सर्भिस</td><td>००९</td><td>६०,०८८।००</td><td>७,४८८।००</td></tr>
<tr><td>०२१</td><td>३७,९६८।००</td><td>४,३६८।००</td></tr>
<tr><td>जम्मा</td><td>१,०३,०५६।००</td><td>११,८५६।००</td></tr>
</table></td><td>११,८५६/-</td></tr>
<tr><td>६३.</td><td>थप तलब – प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम सुवेदीलाई २०७६ वैशाख सम्म मासिक तलब रु. ३४,२२०/- र ग्रेड रु. ५७०५/- सहित मासिक रु ३९,९२५/- भुक्तानी भएकोमा जेष्ठ महिनामा तलब रु. ४०,१५०/- र ग्रेड रु ५३५२/- सहित रु ४५,५०२/- तथा असार महिनामा तलब रु. ४०,१५०/- र ग्रेड रु. २६७६/- सहित रु ४२,८२६/- भुक्तानी भएको पाइयो। यसरी स्वीकृत तलबी प्रतिवेदनभन्दा जेष्ठ र आषाढमा संचयकोष थप समेत गरी जम्मा रु. ९,३२६।- थप भुक्तानी गरेको पाइयो। यस सम्बन्धमा छलफल हुँदा यस कार्यालयमा दशौं तहको प्रमुख प्रशासकीय अधिकृत पद स्वीकृत भएकोले सो अनुसारको तलब, भत्ता भुक्तानी गरेको जवाफ प्राप्त भएको छ।</td><td></td></tr>
<tr><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td></td></tr>
<tr><td>६४.</td><td>कार्यक्रमको प्रभावकारिता : प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यक्रम संचालन निर्देशिका, २०७५ अनुसार स्थानीय स्तरमा उपलब्ध जनशक्तिको अधिकतम् उपयोग गदै आर्थिक विकासमा योगदान पुऱ्याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उल्लेख छ। साथै सोही निर्देशिकाको दफा ५ मा न्यूनतम रोजगारीको प्रत्याभुति, आन्तरिक रोजगारी प्रवर्द्धन, अन्तर निकाय समन्वयमा थप रोजगारीको अवस्था सिर्जना तथा नयाँ रोजगारीका क्षेत्र पहिचान गरी कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ। तर गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको वेरोजगारहरुको तथ्यांक अध्यावधिक गरी उपलब्ध श्रोत साधन तथा बजेटको अधिकतम् सदुपयोग हुनेगरी स्थानीय स्तरमा दिर्घकालिन रोजगारी सिर्जना गर्ने कार्यक्रमको छनौट तथा खर्च गर्नुपर्नेमा गाउँपालिकाबाट प्राप्त विवरण अनुसार सडक निर्माण तथा मर्मत, सिंचाई कुलो निर्माण तथा मर्मत तथा बगैंचा निर्माण लगायतका कार्यमा रु. २७ लाख १४ हजार खर्च गरेकोमा स्थानीय सीपको प्रयोग तथा दिर्घकालिन रोजगारी सिर्जना हुने गरी वेरोजगारको क्षमता विकास तथा सिप सिकाई सम्बन्धी कार्य भएको पाईएन्। लक्षित वर्गको कार्यक्रमले निर्धारण गरेको मुख्य उद्देश्य रोजगारी सिर्जना गर्ने गरी कार्यक्रमको कार्यान्वयन गर्ने तर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ।</td><td></td></tr>
<tr><td>६५.</td><td>बढी भुक्तानी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) बमोजिम खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। यस कार्यक्रम अन्तर्गत गो.भौ.नं. ४०/२०७६/०३/३१ बाट चिल्ड्रेन पार्क, भिमानमा बिरुवाको क्यारी बनाउने तथा झारपात उखेली फूलका बिरुवा लगाउने कार्यका लागि भएको भुक्तानीको नापी किताब तथा बिल, भर्पाई परीक्षण गर्दा नापी किताबमा उल्लेख भएकोभन्दा प्राविधिक बिलमा देहाय अनुसार बढी परिमाण राखी भुक्तानी दिएको पाइएकोले यस सम्बन्धमा यकिन गरी बढी भुक्तानी देखिएको रकम असुल हुनु पर्ने रु.
<table>
<tr><th>कामको विवरण</th><th>MB अनुसारको परिमाण</th><th>बिलमा चढाएको परिमाण</th><th>फरक</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>Unskilled Labour</td><td>३२० MD</td><td>३८४ MD</td><td>६४ MD</td><td>८००</td><td>५१,२००</td></tr>
</table></td><td>५१,२००/-</td></tr>
<tr><td>६६.</td><td>बढी भुक्तानी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) बमोजिम खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | भुक्तानी गर्नु पर्ने व्यवस्था छ । गो.भौ.नं. ३८/२०७६/०३/३१ बाट मुहान देखी कुल दमार सम्म खानेपानी मर्मत तथा सुधार योजनाको लागि 50mm/6kg साइजको HDPE Pipe पाइपको भुक्तानी दिएकोमा सोको स्वीकृत नगर दररेट रु. १४९/०५ भएकोमा लागत अनुमान तयार गर्दा रु. १५१/३३ राखी तयार पारेको देखियो । स्वीकृत दररेट भन्दा रु. २/२८ बढी दरराखी लागत अनुमान तयार गरी सोही दरबाट भुक्तानी समेत भएको देखिएकाले १०६० मिटर पाइपको मू.अ.कर समेत रु.२,४१७/- बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | २,७३१/- |
| | **साना सिंचाई कार्यक्रमतर्फ** | |
| ६७. | **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं. ७०८/२०७६/०२/२७ बाट कमलामाता कृषक समुहसँग कुलो निर्माण कार्यका लागी सम्झौता गर्दा कार्यालयको तर्फबाट रु ८७,५००। र उपभोक्ता समितिका तर्फबाट रु. १२,५००। नगद जम्मा गरी रु. १,००,०००। भुक्तानी गर्नेगरी सम्झौता भएकोमा बिल भुक्तानी गर्दा रु १,२५,००। भुक्तानी भएको देखिएकाले बढी भुक्तानी भएको रु. २५,०००/- असुल हुनुपर्ने रु. | २५,०००/- |
| | **वित्तीय समानीकरण अनुदान चालुतर्फ** | |
| ६८. | **घटी करकट्टी :** आयकर ऐन,२०५८ को दफा ८८ मा आपूर्तिकर्ताबाट सामान खरिद गर्दा १.५ प्रतिशतको दरले र कुनै प्रतिफल प्राप्त गरेमा १५ प्रतिशतका दरले साथै ८८क मा कुनै पनि आकसिमक लाभ तथा पुरस्कारमा २५ प्रतिशतका दरलेअग्रिम करकट्टी गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाले देहायका भौचरबाट भएको भुक्तानीमा कर कट्टी नगरेको तथा गरे पनि घटि मात्र अग्रिम करकट्टी गरेकोमा घटी कर सम्बन्धितबाट असुलउपर गरी दाखिला गर्नुपर्ने रु. | १८,२६४/- |

| गो.भौ.नं. र मिति | रकम | दर | जम्मा |
|---|---|---|---|
| ६६२/२०७६/०२/१३ (चालु) | २,००,०००। | १.५% | ३,०००.०० |
| ३९७/२०७५/१०/२५ (पुरस्कार वितरण) | ३०,००० | २५% | ७,५००.०० |
| ३०९/२०७६/०३/३१ (पुँजीगत) काट्नुपर्ने भन्दा घटी | २५,७०९ | २७,१७२ | १,४६४.०० |
| ९३१/२०७६/०३/३१ (चालु १% मात्र कट्टी गरेको) | ४५,००० | १४% | ६,३००.०० |
| | | **जम्मा** | **१८,२६४.००** |

| | | |
|---|---|---|
| ६९. | **विद्युत महसुलमा जरिवाना :** नगरपालिकाले आर्थिक वर्ष २०७५/७६ को श्रावण महिनादेखी असार मसान्त सम्म विभिन्न मितिमा नगरपालिका, नगरपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य चौकीहरु तथा जिल्ला समन्वय समितिको कार्यालयको विद्युत महसुल भुक्तानी गर्दा रु ६७,७६४। जरिवाना वापत भुक्तानी गरेको रकम नियम सँगत नदेखिएको रु. | ६७,७६४/- |
| ७०. | **नाफामूलक संस्थाबाट गोष्ठी सञ्चालन –** नगरपालिकाले वचत तथा ऋण सहकारी संघ लि. मार्फत् "सहकारी मार्फत उद्यमशिलता विकास गोष्ठी"संचालनको खर्च रु ८३,५३५। मौखिक सम्झौताका आधारमा भएको सम्झौता बमोजिम भुक्तानी दिनहुन भनी पेश भएको निवेदनको आधारमा भुक्तानी गरेको रकम नियम सम्मत देखिएको रु. | ८३,५३५/- |
| ७१. | **कर समायोजन –** मूल्य अभिवृद्धिकर कर नियमावली ,२०५३ को नियम १७ मू.अ.कर दर्ता भएका प्रत्येक व्यक्ति वा फर्मले कुनै निर्माण कार्य, मालसमान खरिद गर्दा कर अधिकृतलले स्वीकृत गरे वाहेक सम्बन्धीत व्यक्तिले अनुसूची ५ र ५(क) मा कर विजक पेश गर्नु पर्ने व्यवस्था भए अनुसार यस नगरपालिकाबाट देहायका फर्म हरु लाई भएको भुक्तानीमा बिजक नम्बर नभएका तथा हातले बिजक नम्बर केरमेट गरी सच्याएका बिजक जारी गरेको पाइएकोले सम्बन्धीत फर्महरुलाई भ्याट वापत भुक्तानी गरेको रकमबो सम्बन्धीत आन्तरिक राजस्व कार्यालयबाट मू.अ. कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु | २,८९,८६२/- |

| गो.भौ.नं. र मिति | फर्मको नाम | विजक नं. | रकम | मू.अ.कर रु. |
|---|---|---|---|---|
| ६८७/२०७६/०२/२१ | बर्मा ईन्जिनियरिङ्ग एण्ड कन्सल्टेन्ट प्रा.ली.( ६०६७५६७०१) | हातले केरेको | १६९५००.०० | १९,५०० |

| | | | | |
|---|---|---|---|---|
| ७०१/२०७६/०२/२६ | रन्जितकार इन्टरप्राइजेज (६०१००२२३२) | १२७ देखी १४२ | ७२२५००.०० | ८३,११९ |
| ७४१/२०७६/०२/३१ | एल एण्ड नेपाल ट्रड इन्टरनेशनल (६०३८३५५१३) | १९२ | ९४४९६.०० | ११,४४६ |
| ७४४/२०७६/०३/०६ | Binayak Engineering Service Pvt.Ltd.(६०६८७०५३८) | नभएको | ३,९५,०००.०० | ४५,५०० |
| ७८६/२०७६/०३/११ | निलकमल इन्टरप्राइजेज (३०५६८९५३७) | हातले केरेको७८२ | ८०८९३०.०० | १०५१६० |
| ७९८/२०७६/०३/१२ | गेट वे साइवर एण्ड इन्सिच्युट | हातले केरेको२९ | २,१८,५००.०० | २५,१३७ |
| **जम्मा** | | | **२११४४२६.५०** | **२८९,८६२** |

| | | |
|---|---|---|
| | **गरिबसँग विश्वेश्वर कार्यक्रम** | |
| ७२. | **बढी भुक्तानी** : ढकाल गाउँ दमार खानेपानी इन्टेक मर्मत कार्यको अन्तिम विल रु १,१०,०००/- भुक्तानी गरेको फाँटवारी परीक्षण गर्दा 32/6kg साइजको HDPE Pipeप्रति मी. रु. ९२/८२ को दरल १२५ मिटरको भुक्तानी गरेको छ । उक्त पाइपको स्वीकृत दर रु.७०/२३ प्रति मिटर रहेकोले स्वीकृत दर भन्दा प्रति मिटर रु. २२/६० का दरले १२५ मिटर पाइपको बढी भुक्तानी भएको रु. २८२५/- सम्बन्धित बाट असुल गर्नुपर्ने रु. | २,८२५/- |
| ७३. | **कर समायोजन :** प्रयोजन समाप्त भएको धरौटी फिर्ता गर्दा मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्दछ । कार्यालयले भौ.नं. ७/२०७५/०४/०२ खुल्ला मञ्च वाल उद्यान खेल मैदान संरक्षण कार्यको लागि पञ्चकन्या निर्माण सेवाको रु. ४,५४,७०६/- को धरौटी फिर्तागर्दा कार्यालयले मुल्यअभिवृद्धि कर समायोजन गरेको प्रमाण संलग्न गरेको छैन । उक्त निर्माण व्यवसायीको मुल्य अभिवृद्धि कर समायोजन पत्र पेश हुनुपर्ने रु | ४,५४,७०६/- |
| | **प्रयास हेल्भेटास कृषि तथा पशु कार्यक्रम तर्फ** | |
| ७४. | भौ.नं. ७ मिति २०७६/३/१० बाट उन्नत जातको राँगा, बोका वितरण, बाखा श्रोतकेन्द्र सहयोग तथा डिपिङ्ग ट्यांक सहयोग कार्यक्रम वापत रु. ४,७८,०००/- खर्च लेखेकोमा खर्चका बिल, भर्पाई परीक्षण गर्दा निम्नानुसार पाइयो :<br>क) उन्नत जातको राँगा र बोका खरिद गरी किसानलाई वितरण गर्दा राँगा/बोका उन्नत जातको भए नभएकोबारे नश्ल परीक्षण रिपोर्ट संलग्न नभएको,<br>ख) उक्त पशुहरुको स्वस्थ रहेको भन्ने पशु स्वास्थ्य कार्यालयबाट जाँच गरिएको प्रमाण संलग्न नरहेको,<br>ग) किसानलाई वितरण गरे पश्चात् उक्त पशुको पशु बिमा गरेको नपाइएको,<br>घ) कति वर्षसम्म ब्याडे राँगा/बोकाको रुपमा पाल्नु पर्ने हो सो कुरा उल्लेख नभएको,<br>ङ) ५०% अनुदानको कार्यक्रम किसान/उपभोक्ताबाट ५०% रकम जम्मा गर्न लगाई त्यसपछि मात्र खरिद कार्य गर्नुपर्नेमा कार्यालयले कर्मचारीलाई सोधभर्ना दिएको छ । यसले किसानको ५०% रकम खर्च भएको सुनिश्चित गर्न सकिएन । | |
| ७५. | ओ.जे.टी. जे.टि.ए. परिचालन वापत भौ.नं. ११/२०७६/३/१७ बाट रु.१,१५,०००/- र भौ.नं. २०/२०७६/३/३१ बाट रु.१,११,३००/- समेत गरी प्रति व्यक्ति रु. २,२६,३००/- खर्च भएको छ । यस कार्यक्रममा मासिक यातायात खर्च वापत प्रति व्यक्ति रु.२६,५००/- र खाजाखर्च वापत दैनिक रु. २०० का दरले दिएको छ । यसरी दैनिक यातायात खर्च वापत र खाजा खर्च वापत भुक्तानी गरेकोमा कुन नर्म्स/कार्यविधि अनुसार गरिएको हो खुलाएको पाइएन । निश्चित नर्म्स, नियम र आधार बेगर खर्च लेख्नु उपयुक्त देखिएन । | |
| | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (चालु खर्च)** | |
| ७६. | अ.हे.व. श्री लक्ष्मी थिङको पारित तलबी प्रतिवेदन अनुसार मासिक ग्रेड रु.२२१७/- रहेकोमा २०७५ श्रावण देखी माघसम्म रु.५१७३/- का दरले भुक्तानी गरेको छ । यसरी निजलाई रु.२९५६/- का दरले ७ महिनाको क.संकोष थप सहित रु.२२७६१/- र चाडपर्व खर्चमा रु. २९५६/- समेत रु. २५७१७/- बढी भुक्तानी भएकोमा फागुनमहिनामा निजको नियमित तलवमा रु.२०६९२/- कट्टागरी भुक्तानी भएको छ । निजलाई बढी भुक्तानी भएको रु.२५७१७/- मध्ये | ५,०२५/- |

| | | |
|---|---|---|
| | रु.२०६९२/- कट्टा गरे तापनि निजलाई थप रु.५,०२५/- बढी भुक्तानी भएको देखिन्छ । यसरी नियम भन्दा बढी भुक्तानी भएको ग्रेड रकम असुल गरी दाखिला हुनुपर्ने रु. | |
| ७७. | **अतिरिक्त समय भत्ता :** भौ.नं. २८८ मिति २०७६/३/२५ बाट जिल्ला अस्पतालमा चौबिसै घण्टा खटिने कर्मचारीहरुलाई अतिरिक्त समय र सट्टा बिदा वापतको रु. १७,५५,९६६/- भत्ता भुक्तानी गरेकोमा त्यस्तो भत्ता उपलब्ध गराउने कानूनी आधार, स्पष्ट सूचकांक र सूचकांक पूरा गरेको प्रमाण संलग्न गरेको देखिएन । स्पष्ट कानूनी व्यवस्था, सूचकांक र अनुगमन बिन अतिरिक्त पारिश्रमिक दिने कार्य उचित देखिएन । स्पष्ट सूचकाङ्क निर्धारण गरी सोही आधारमा अतिरिक्त भत्ता दिने व्यवस्था हुनु पर्दछ । | |
| ७८. | **बेरुजु लगत एवं फछ्र्यौटको स्थिति :** कार्यालयबाट प्राप्त बेरुजुसम्वन्धी विवरण अनुसार आ.व. २०७४/७५ सम्मको बेरुजु रु २ करोड ७७ लाख ७९ हजार रहेकोमा यस वर्ष कुनै बेरुजु फछ्र्यौट गरेको पाइएन । उक्त बेरुजु फछ्र्यौट गरी शुन्य बनाउने तर्फ कार्यालयबाट आवश्यक पहल हुनु पर्दछ । | |
| ७९. | **सम्परीक्षण –**कार्यालयले उक्त बेरुजुमध्ये लेखापरीक्षण डोर समक्ष रु. १,४९,३५,०७५/९८ सम्परीक्षणको पेश गरेकोमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ । | |

**अनुसूची- १**

## कमलामाई नगरपालिका सिन्धुलीको सञ्चित कोष विवरण
## २०७५।७६

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | कमलामाई न.पा. | सिन्धुली | ६९५९२ | १८६१२५ | ४८३९७१ | ५१४९३५ | ११८५०३१ | ४४५४१२ | ३६६८१२ | १९६०९८ | १००८३२२ | २४६३०१ |

**अनुसूची-२**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**(रु.हजारमा)**

| सि.न | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | सिन्धुली | कमलामाई न.पा. | ७८ | ५२ | २२२६१ | ० | १० | १७५६ | ७८ | ४२ | २०५०५ | १२१८४ | ४३२७ | ३२५२ | ० | ० | ६४५४५ | ० | ७४२ | ७४२ |

**अनुसूची- ३**

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | कमलामाई नगरपालिका | सिन्धुली | २७७७९ | ० | २७७७९ | ० | २०५०५ | !।७ क्ष्ङ्क ल्प्ट्ट क्ष्ल त्ब्द्रभि |